# “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७५ मा गरिएका संशोधन/परिमार्जन/थप व्यवस्था सम्बन्धी तालिकाको विवरण

| क.स. | | निर्देशन २०७५ मा भएको विद्यमान व्यवस्था | निर्देशन २०७५ मा गर्ने संशोधन/परिमार्जन/नयाँ थप व्यवस्था |
|---|---|---|---|
| १ | निर्देशन नं.१ को बुँदा १.३ को खण्ड (क) मा संशोधन । | (क) सामान्य कर्जा नोक्सानी व्यवस्था<br>यस शीर्षक अन्तर्गत असल कर्जाको निमित्त व्यवस्था गरिएको रकम समावेश गर्नु पर्नेछ ।<br>असल सहित अन्य कर्जाका लागि यस बैंकबाट तोकिएको अनुपातभन्दा बढी कर्जा नोक्सानी व्यवस्था गरेको खण्डमा त्यस्तो अतिरिक्त कर्जा नोक्सानी व्यवस्था गरेको पुरै रकम समावेश गर्न सकिने छ ।<br>तर, उपर्युक्त शीर्षकहरुमा रहेको कुल रकम संस्थाको कुल जोखिम भारित सम्पत्तिको १.२५ प्रतिशत भन्दा बढी हुने गरी पुरक पुँजीमा समावेश गर्न पाइने छैन । | (क) सामान्य कर्जा नोक्सानी व्यवस्था<br>यस शीर्षक अन्तर्गत **सक्रिय कर्जा**को निमित्त व्यवस्था गरिएको रकम समावेश गर्नु पर्नेछ ।<br>**सक्रिय कर्जा** सहित अन्य कर्जाका लागि यस बैंकबाट तोकिएको अनुपातभन्दा बढी कर्जा नोक्सानी व्यवस्था गरेको खण्डमा त्यस्तो अतिरिक्त कर्जा नोक्सानी व्यवस्था गरेको पुरै रकम समावेश गर्न सकिने छ ।<br>तर, उपर्युक्त शीर्षकहरुमा रहेको कुल रकम संस्थाको कुल जोखिम भारित सम्पत्तिको १.२५ प्रतिशत भन्दा बढी हुने गरी पुरक पुँजीमा समावेश गर्न पाइने छैन । |
| २. | निर्देशन नं. १ को बुँदा १.४ मा खण्ड (ग) थप गरिएको । | हाल नभएको । | **(ग) सञ्चालन जोखिम वापतको जोखिम भार**<br>**लघु वित्त वित्तीय संस्थाहरुले पुँजी कोष गणना गर्दा सञ्चालन जोखिम वापत कुल सम्पत्तिको २ प्रतिशतले हुने रकम जोखिम भारित सम्पत्तिको रुपमा थप गर्नु पर्ने व्यवस्था कायम गरिएको छ ।** |
| ३ | निर्देशन नं. १ को बुँदा १.६ मा संशोधन । | १.६ लघु वित्त वित्तीय संस्थाहरुले जुनसुकै बखत पनि तोकिएको अनुपातमा न्यूनतम पुँजीकोष कायम गर्नु पर्नेछ । प्रत्येक महिनाको मसान्तको वित्तीय विवरणहरुको आधारमा संलग्न निर्देशन फा.नं. १.१ र १.२ बमोजिम पुँजीकोष सम्बन्धी विवरणहरु तयार गरी आन्तरिक लेखापरीक्षकबाट प्रमाणित गराई यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग तथा लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा प्रत्येक महिना समाप्त भएको मितिले **एक महिना** भित्र पठाइ सक्नु पर्नेछ । कथंकदाचित मासिक रुपमा आन्तरिक लेखापरीक्षण गराएर पेश गर्न नसकेमा मासिक विवरणमा सो व्यहोरा खुलाउनु पर्नेछ । तर, त्रयमासको अन्त्यको विवरण भने अनिवार्यरुपमा आन्तरिक लेखापरीक्षकबाट प्रमाणित गराएर नै पेश गर्नु पर्नेछ । | १.६ लघु वित्त वित्तीय संस्थाहरुले जुनसुकै बखत पनि तोकिएको अनुपातमा न्यूनतम पुँजीकोष कायम गर्नु पर्नेछ । प्रत्येक महिनाको मसान्तको वित्तीय विवरणहरुको आधारमा संलग्न निर्देशन फा.नं. १.१ र १.२ बमोजिम पुँजीकोष सम्बन्धी विवरणहरु तयार गरी लेखापरीक्षकबाट प्रमाणित गराएर यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग तथा लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा प्रत्येक महिना समाप्त भएको मितिले **१५ दिन** भित्र सोको **विद्युतीय प्रति** पठाइ सक्नु पर्नेछ । मासिक रुपमा आन्तरिक लेखापरीक्षण गराएर पेश गर्न नसकेमा मासिक विवरणमा सो व्यहोरा खुलाउनु पर्नेछ । तर, त्रयमासको अन्त्यको विवरण भने अनिवार्य रुपमा आन्तरिक लेखापरीक्षकबाट प्रमाणित गराएर पेश गर्नु पर्नेछ । |

| | | | |
|---|---|---|---|
| ४ | निर्देशन नं. १ को बुँदा १.८ मा संशोधन । | १.८ पुंजी कोष सम्बन्धी निर्देशनहरुको पालना नभएमा **देहाय बमोजिमको कारवाही** हुनेछ ।<br>(क) तोकिएको अनुपातमा पुँजीकोष कायम गर्न नसकेमा पैंतीस दिनभित्र पुँजीकोष कायम रहन नसकेको कारण तथा पुँजीकोष पर्याप्त बनाउन तयार गरेको पुँजी योजना वा कार्यक्रम सञ्चालक समितिले यस बैंक समक्ष पेश गर्नु पर्नेछ । यसरी पेश गरिएको प्रस्तावित योजना वा कार्यक्रममा यस बैंकले तोकेको अवधिभित्र पुँजीकोष कायम गरिसक्नु पर्ने गरी निर्देशन दिन सक्नेछ । पुँजीकोष पर्याप्त नभएको अवस्थामा लाभांश तथा बोनस शेयर वितरण गर्न पाइने छैन ।<br>(ख) कुनै आर्थिक वर्षको बीचको कुनै अवधिमा तोकिएको अनुपातमा न्यूनतम पुँजीकोष कायम गर्न नसकेको भएतापनि सोही आर्थिक वर्षको अन्त्यमा तोकिएको अनुपातमा न्यूनतम पुँजीकोष कायम भएको आधारमा नगद लाभांश तथा बोनस शेयर वितरण गर्न पाइने छैन । यो व्यवस्थाले सो आर्थिक वर्षको अन्त्यमा वाह्य लेखापरीक्षकबाट प्रमाणित वित्तीय विवरणबाट तोकिएको अनुपातमा न्यूनतम पुँजीकोष कायम भएको आधारमा स्वीकृत पुँजी योजना अनुसारको बोनस शेयर घोषणा/वितरण गर्न बाधा पर्ने छैन । | **१.८ पुँजी कोष सम्बन्धी निर्देशनहरुको पालना नभएमा हुने कारवाही**<br>**(क) लघु वित्त वित्तीय संस्थाहरुले पुँजीकोष सम्बन्धी निर्देशनहरुको पालना नगरेमा शिघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०७४ बमोजिमको कारवाही हुनेछ ।**<br>**(ख) लघु वित्त वित्तीय संस्थाहरुले कुनै आर्थिक वर्षको बीचको कुनै अवधिमा तोकिएको अनुपातमा न्यूनतम पुँजीकोष कायम गर्न नसकेको भए तापनि सोही आर्थिक वर्षको अन्त्यमा तोकिएको अनुपातमा न्यूनतम पुँजीकोष कायम भएको आधारमा नगद लाभांश तथा बोनस शेयर वितरण गर्न पाइने छैन । यो व्यवस्थाले सो आर्थिक वर्षको अन्त्यमा वाह्य लेखापरीक्षकबाट प्रमाणित वित्तीय विवरणबाट तोकिएको अनुपातमा न्यूनतम पुँजीकोष कायम भएको आधारमा यस बैंकको स्वीकृति लिई बोनस शेयर घोषणा/वितरण गर्न बाधा पर्ने छैन । यसरी बोनस सेयर वितरण गर्दा कर प्रयोजनका लागि आवश्यक पर्ने रकम मात्र नगद लाभांश घोषणा गर्न वा वितरण गर्न स्वीकृति दिन सकिनेछ ।**<br>**(ग) लघु वित्त वित्तीय संस्थाहरुले कुनै आर्थिक वर्षको अन्त्यमा बाह्य लेखापरीक्षकबाट प्रमाणित वित्तिय विवरणबाट तोकिएको अनुपातमा न्यूनतम पुँजीकोष कायम भए तापनि सो आर्थिक वर्ष समाप्त भएको मितिदेखि वार्षिक साधारण सभाको स्वीकृति लिने मितिसम्म फुकुवा नभएको अवस्थामा लाभांश तथा बोनस सेयर घोषणा/वितरण गर्न पाइने छैन ।** |
| ५ | निर्देशन नं. २ को बुँदा २.२ मा संशोधन । | २.२ यस निर्देशन बमोजिम वर्गीकरण गरिएका कर्जा सापटीको लागि बक्यौता साँवा रकमको आधारमा देहाय बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ :-<br>कर्जा वर्गीकरण — न्यूनतम कर्जा नोक्सानी व्यवस्था<br>(क) असल — १ प्रतिशत<br>**(ख) सूक्ष्म निगरानी — ५ प्रतिशत**<br>(ग) कमसल — २५ प्रतिशत<br>(घ) शंकास्पद — ५० प्रतिशत | २.२ यस निर्देशन बमोजिम वर्गीकरण गरिएका कर्जा सापटीको लागि बक्यौता साँवा रकमको आधारमा देहाय बमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ :-<br>कर्जा वर्गीकरण — न्यूनतम कर्जा नोक्सानी व्यवस्था<br>(क) असल — १ प्रतिशत<br>(ख) सूक्ष्म निगरानी — ५ प्रतिशत<br>(ग) कमसल — २५ प्रतिशत<br>(घ) शंकास्पद — ५० प्रतिशत |

| | | | |
|---|---|---|---|
| | | (ङ) खराब १०० प्रतिशत<br><br>तर, सुरक्षण गरिएका कर्जाहरुको हकमा यस उपबुँदामा उल्लेख गरिएको व्यवस्थाको पच्चीस प्रतिशत मात्र कर्जा नोक्सानी व्यवस्था कायम गरे पुग्ने छ ।<br><br>*टिप्पणी : **असल तथा सूक्ष्म निगरानी कर्जाको** लागि गरिएको कर्जा नोक्सानी व्यवस्थालाई "सामान्य कर्जा नोक्सानी व्यवस्था (General Loan Loss Provision)" र अन्य कर्जाको लागि गरिएको कर्जा नोक्सानी व्यवस्थालाई "विशेष कर्जा नोक्सानी व्यवस्था (Specific Loan Loss Provision)" को रुपमा लिइनेछ ।* | (ङ) खराब १०० प्रतिशत<br><br>तर, सुरक्षण गरिएका कर्जाहरुको हकमा यस उपबुँदामा उल्लेख गरिएको व्यवस्थाको पच्चीस प्रतिशत मात्र कर्जा नोक्सानी व्यवस्था कायम गरे पुग्ने छ ।<br>**खराब वर्गमा परेका सुरक्षण गरिएका कर्जाको वीमा दावी कर्जा सुरक्षण सम्बन्धी सम्झौतामा उल्लिखित अवधि वा कर्जा खराब वर्गमा वर्गीकरण गरिएको मितिले १ वर्ष जुन अघि हुन्छ सोही अवधिभित्रमा गरिसक्नु पर्नेछ । अन्यथा त्यस्तो कर्जामा सुरक्षण वापत कर्जा नोक्सानी व्यवस्थामा छुट प्रदान गरिने छैन ।**<br>*टिप्पणी : असल तथा सूक्ष्म निगरानी कर्जाको लागि गरिएको कर्जा नोक्सानी व्यवस्थालाई "सामान्य कर्जा नोक्सानी व्यवस्था (General Loan Loss Provision)" र अन्य कर्जाको लागि गरिएको कर्जा नोक्सानी व्यवस्थालाई "विशेष कर्जा नोक्सानी व्यवस्था (Specific Loan Loss Provision)" को रुपमा लिइनेछ ।* |
| ६ | निर्देशन नं. २ को बुँदा २.३ को प्रतिबन्धात्मक वाक्यांश तथा खण्ड (क) मा संशोधन । | तर, एक वर्षभन्दा कम अवधिको लागि कर्जा प्रवाह गर्दा समेत किस्तावन्दीमा भुक्तानी कायम हुने गरी प्रवाह गर्न सकिनेछ । यसरी एक वर्षभन्दा कम अवधिको कर्जा किस्ताबन्दीमा भुक्तानी गर्ने गरी प्रवाह भएको हकमा देहायबमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने छ ।<br><br>(क) किस्ता रकम १ वर्षभन्दा कम अवधिले भाखा नाघेको अवस्थामा त्यस्तो किस्ता रकमलाई मात्र सम्बन्धित वर्गमा वर्गीकरण गरी कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ । तर, संस्थाले सम्पूर्ण कर्जा रकमलाई नै सोही वर्गमा वर्गीकरण गर्न चाहेमा यो व्यवस्थाले वाधा पुगेको मानिने छैन । | तर, एक **वर्षसम्मको** लागि कर्जा प्रवाह गर्दा समेत किस्तावन्दीमा भुक्तानी कायम हुने गरी प्रवाह गर्न सकिनेछ । यसरी एक वर्ष**सम्मको** कर्जा किस्ताबन्दीमा भुक्तानी गर्ने गरी प्रवाह भएको हकमा देहायबमोजिम कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने छ ।<br><br>(क) किस्ता रकम १ वर्ष**सम्मले** भाखा नाघेको अवस्थामा त्यस्तो किस्ता रकमलाई मात्र सम्बन्धित वर्गमा वर्गीकरण गरी कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ । तर, संस्थाले सम्पूर्ण कर्जा रकमलाई नै **तल्लो** वर्गमा वर्गीकरण गर्न चाहेमा यो व्यवस्थाले वाधा पुगेको मानिने छैन । |
| ७ | निर्देशन नं. २ को बुँदा २.६ मा उपबुँदा नं. (च) र (छ) थप गरिएको । | नभएको । | (च) कर्जा दुरुपयोग भएमा<br>(छ) कार्यक्षेत्र बाहिर गरेको कर्जा लगानी |

| | | | |
|---|---|---|---|
| ८ | निर्देशन नं. २ को बुँदा २.८ मा संशोधन । | **२.८ भुक्तानी तालिका सम्बन्धमा**<br>कर्जा प्रवाह गर्दा सो को साँवा ब्याज असुल हुने भुक्तानी तालिका ऋणीलाई उपलब्ध हुने व्यवस्था मिलाउनु पर्नेछ । कर्जा प्रवाह गरेको किस्ता असुली सम्बन्धी कार्यतालिका निर्माण गर्दा किसानले उत्पादन गर्ने बाली भित्र्याउने समय वा आय आर्जन हुने समय र कर्जाको किस्ता भुक्तानी गर्ने समय बीच सकेसम्म तालमेल मिल्ने किसिमले त्यस्तो कार्य तालिका निर्माण गर्नु पर्नेछ । | **२.८ भुक्तानी तालिका सम्बन्धमा**<br>कर्जा प्रवाह गर्दा सोको साँवा ब्याज असुल हुने भुक्तानी तालिका ऋणीलाई **उपलब्ध गराउनु पर्नेछ** । कर्जा प्रवाह गरेको किस्ता असुली सम्बन्धी कार्यतालिका निर्माण गर्दा किसानले उत्पादन गर्ने बाली भित्र्याउने समय वा आय आर्जन हुने समय र कर्जाको किस्ता भुक्तानी गर्ने समय बीच सकेसम्म तालमेल मिल्ने किसिमले त्यस्तो कार्य तालिका निर्माण गर्नु पर्नेछ । |
| ९ | निर्देशन नं. २ को बुँदा २.१० को शीर्षकमा संशोधन । | **२.१० गैरबैंकिङ्ग सम्पत्तिको नोक्सानी व्यवस्था र लिलाम बिक्री सम्बन्धमा** | **२.१० गैरबैंकिङ्ग सम्पत्तिको सकार, नोक्सानी व्यवस्था र लिलाम बिक्री सम्बन्धमा** |
| १० | निर्देशन नं. २ को बुँदा २.१३ मा संशोधन । | **२.१३ कर्जा सापटको वर्गीकरण विवरण पठाउने सम्बन्धमा**<br>आर्थिक वर्षको असोज, पुस, चैत र असार मसान्तमा कर्जा वर्गीकरण गरी संलग्न निर्देशन फा.नं. २.१ अनुसारको विवरणहरु त्रयमास समाप्त भएको १५ दिनभित्र यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ । साथै, सम्बन्धित लघु वित्त वित्तीय संस्थाले संलग्न निर्देशन फा.नं. २.२ बमोजिमको विवरणलाई त्रैमासिक रुपमा **तयार गरी राख्नुपर्ने** छ । | **२.१३ कर्जा सापटको वर्गीकरण विवरण पठाउने सम्बन्धमा**<br>आर्थिक वर्षको असोज, पुस, चैत र असार मसान्तमा कर्जा वर्गीकरण गरी संलग्न निर्देशन फा.नं. २.१ अनुसारको विवरणहरु त्रयमास समाप्त भएको १५ दिनभित्र यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ । साथै, सम्बन्धित लघु वित्त वित्तीय संस्थाले संलग्न निर्देशन फा.नं. २.२ बमोजिमको विवरणलाई त्रैमासिक रुपमा तयार **गरी राख्नु पर्नेछ र सोको विद्युतीय प्रति यस बैंकमा पठाउनु** पर्नेछ । |
| ११ | निर्देशन नं. ३ को बुँदा ३.१ को पहिलो अनुच्छेदमा संशोधन । | निर्देशन नं. ३ को बुँदा ३.१<br>थोक कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाले एउटै ग्राहक, फर्म, कम्पनी, संस्था वा आपसी सम्बन्ध भएका ग्राहकहरुको समूहलाई प्रदान गरिने कर्जाको सीमा प्राथमिक पुँजीको बढीमा २५ प्रतिशत कायम गरिएको छ । | निर्देशन नं. ३ को बुँदा ३.१<br>थोक कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाले एउटै ग्राहक, फर्म, कम्पनी, संस्था वा आपसी सम्बन्ध भएका ग्राहकहरुको समूहलाई प्रदान गरिने कर्जाको सीमा **अघिल्लो त्रयमासको** प्राथमिक पुँजीको बढीमा २५ प्रतिशत कायम गरिएको छ । |

| | | | |
|---|---|---|---|
| १२ | निर्देशन नं. ३ को बुँदा ३.२ को खण्ड (ग) मा संशोधन । | (ग) विपन्न तथा न्यून आय भएका व्यक्तिलाई स्वीकारयोग्य धितो लिई लघु उद्यम वा व्यवसाय सञ्चालन गर्न प्रति समूह सदस्य बढीमा रु. पाँच लाख रुपैयासम्म लघुकर्जा उपलब्ध गराउन सकिने छ । विगत दुई वर्षदेखि कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्यको हकमा सात लाख रुपैयाँ सीमा कायम गरिएको छ । **साथै, गाउँपालिकास्थित लघुवित्त वित्तीय संस्थाका कार्यलयहरुले स्वीकारयोग्य धितो लिई समूहमा आवद्ध भएका तथा नभएका व्यक्तिहरुलाई लघुउद्यम सञ्चालन गर्न रु. दश लाखसम्म कर्जा प्रदान गर्न सकिनेछ ।**<br>**तर, यस अघि स्थानीय तह पुनरसंरचनाका क्रममा गा.वि.स.वाट नगरपालिका / उप-महानगरपालिका / महानगरपालिकामा रुपान्तरण भएका स्थानमा बसोवास गर्ने ऋणीहरुलाई प्रवाहित कर्जाको हकमा साविककै भुक्तानी तालिका बमोजिम कर्जा भुक्तानी गर्न यस व्यवस्थाले वाधा पुगेको मानिने छैन ।** | (ग) विपन्न तथा न्यून आय भएका व्यक्तिलाई स्वीकारयोग्य धितो लिई लघु उद्यम वा व्यवसाय सञ्चालन गर्न प्रति समूह सदस्य बढीमा रु. **५ लाख** रुपैयाँसम्म लघुकर्जा उपलब्ध गराउन सकिनेछ । विगत २ वर्षदेखि कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्यको हकमा **७ लाख** रुपैयाँ सीमा कायम गरिएको छ । साथै, समूहमा आवद्ध भएका वा नभएका **गाउँपालिकामा बसोबास गर्ने व्यक्तिहरु**लाई **स्वीकारयोग्य धितो लिई गाउँपालिका क्षेत्रमा** लघु उद्यम सञ्चालन गर्न रु. १० लाखसम्म कर्जा प्रदान गर्न सकिनेछ ।<br>**समूहमा आवद्ध भएको सदस्यलाई एकै अवधिमा समूह कर्जा वा धितो कर्जामध्ये कुनै एक कर्जा मात्र प्रवाह गर्न सकिनेछ ।**<br>**तर, यस पूर्व प्रवाह भएको कर्जाको हकमा साविक बमोजिमको भुक्तानी तालिका अनुसार कर्जा चुक्ता गर्न यस व्यवस्थाले बाधा पुगेको मानिने छैन ।** |
| १३ | निर्देशन नं. ३ को बुँदा ३.४ मा संशोधन । | **३.४ अधिकेन्द्रित जोखिम (Concentration Risk) न्यूनीकरण गर्ने व्यवस्था**<br>यस बुँदामा उल्लेख गरिएको सीमा भन्दा बढी कर्जा प्रदान गरेमा त्यसबाट उत्पन्न हुने अधिकेन्द्रित जोखिम खाम्नको लागि सीमाभन्दा बढी प्रदान गरिएको कर्जाको शत-प्रतिशत थप कर्जा नोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्नु पर्नेछ । | **३.४ अधिकेन्द्रित जोखिम (Concentration Risk) न्यूनीकरण गर्ने व्यवस्था**<br>यस बुँदामा उल्लेख गरिएको सीमा भन्दा बढी कर्जा प्रदान गरेमा त्यसबाट उत्पन्न हुने अधिकेन्द्रित जोखिम खाम्नको लागि सीमाभन्दा बढी प्रदान गरिएको **कर्जा रकममा शत् प्रतिशत कर्जा नोक्सानी** व्यवस्था (Loan Loss Provision) कायम गर्नु पर्नेछ । |
| १४ | निर्देशन नं. ४को बुँदा ४.१ (ज) को अन्तिम अनुच्छेदमा संशोधन । | ग्राहक संरक्षण कोष (Client Protection Fund) मा जम्मा भएको रकम ऋणीहरुको सामूहिक हित हुने कार्य गर्न, समस्यामा परेका ऋणीको व्यवसायको सुरक्षण एवम् पुनर्स्थापना गर्न तथा **ग्राहकहरुको शिक्षा र क्षमता विकास**मा उपयोग हुने गरी मात्र खर्च गर्नु पर्नेछ । त्यस्तो कोषको रकमलाई Earmark गरी छुट्टै लगानी गर्नु पर्नेछ । यस प्रयोजनको लागि लघु वित्त वित्तीय संस्थाले आफ्नो सञ्चालक समितिबाट छुट्टै कार्यविधि पारित गराई लागू गर्नु पर्नेछ । | ग्राहक संरक्षण कोष (Client Protection Fund) मा जम्मा भएको रकम ऋणीहरुको सामूहिक हित हुने कार्य गर्न, समस्यामा परेका ऋणीको व्यवसायको सुरक्षण एवम् पुनर्स्थापना गर्न तथा **ग्राहकहरुको शिक्षा र क्षमता विकास एवम् ग्राहकहरुका सन्तानको विद्यालय स्तरको शिक्षा, स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यक्रम**मा उपयोग हुने गरी मात्र खर्च गर्नु पर्नेछ । **ग्राहक संरक्षण कोषमा अघिल्लो आर्थिक वर्षको नाफाबाट जम्मा हुने रकमको न्यूनतम ५० प्रतिशत रकम पछिल्लो आर्थिक वर्षमा खर्च गर्नु पर्नेछ । यसरी खर्च भएको रकम तथा सो सम्बन्धी विवरण संस्थाको वार्षिक प्रतिवेदनमा स्पष्ट रुपमा खुलाईएको हुनु पर्नेछ ।** खर्च नभएको रकम Earmark गरी छुट्टै |

| | | | |
|---|---|---|---|
| | | | लगानी गर्नु पर्नेछ **र यस्तो लगानीबाट प्राप्त आम्दानी सोही कोषमा जम्मा गर्नु पर्नेछ । तर, ग्राहक संरक्षण कोष (Client Protection Fund) मा जम्मा भएको रकमबाट कुनै पनि किसिमको कर्जा तथा सापटी प्रदान गर्न पाइने छैन ।** यस प्रयोजनको लागि लघु वित्त वित्तीय संस्थाले आफ्नो सञ्चालक समितिबाट छुट्टै कार्यविधि पारित गराई लागू गर्नु पर्नेछ ।<br>**थोक कर्जा उपलब्ध गराउने लघु वित्त वित्तीय संस्थाले यस्तो कोषमा जम्मा हुने रकम ग्राहक संस्था र उक्त संस्थाका सदस्यहरुको लागि वित्तीय साक्षरता अभिवृद्धि सम्बन्धी कार्यक्रममा समेत खर्च गर्न सक्नेछ ।** |
| १५ | निर्देशन नं. ४ को बुँदा ४.३ को उपबुँदा नं. ३ मा संशोधन । | ३. निक्षेप र कर्जाको भारित औषत ब्याजदर अन्तर( weighted average interest rate spread) | ३. निक्षेप, **बचत तथा सापटी** र कर्जाको भारित औषत ब्याजदर अन्तर (weighted average interest rate spread) |
| १६ | निर्देशन नं. ४ को बुँदा ४.३ मा बुँदा नं. १३ थप गर्ने । | हाल नभएको । | **(१३) संस्थाका प्रमुख कार्यकारी अधिकृत र सञ्चालकहरुलाई प्रदान गरिएको पारिश्रमिक तथा अन्य सुविधाहरु (सम्पूर्ण भ्रमण खर्च समेत)** |
| १७ | निर्देशन नं. ५ को बुँदा ५.१ मा उपबुँदा नं. (घ) थप । | हाल नभएको । | **(घ) सञ्चालन जोखिम** |
| १८ | निर्देशन नं. ५ मा बुँदा नं. ५.५ थप । | हाल नभएको । | **५.५ संस्थाले सञ्चालन जोखिम वापत कुल सम्पत्तिको २ प्रतिशतले हुने रकम थप गरी जोखिम भारित सम्पत्ति कायम गर्नु पर्नेछ ।**<br>**कारोबार सञ्चालन गरिरहेका लघु वित्त वित्तीय संस्थाहरुको हकमा यस व्यवस्था बमोजिमको कुल जोखिम भारित सम्पत्तिको गणना २०७६ माघदेखि गरिनेछ ।** |
| १९. | निर्देशन नं. ६ को बुँदा ६.१(४) मा संशोधन । | (४) एकभन्दा बढी इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक, सल्लाहकार वा कार्यकारी अधिकार प्रयोग गर्ने अन्य कुनै पदमा रहन नपाइने<br>एउटा लघुवित्त वित्तीय संस्थामा सञ्चालक रहेको व्यक्ति एकैपटक अर्को इजाजतपत्रप्राप्त संस्था लगायत | (४) एकभन्दा बढी इजाजतपत्रप्राप्त संस्थाको सञ्चालक, सल्लाहकार वा कार्यकारी अधिकार प्रयोग गर्ने अन्य कुनै पदमा रहन नपाइने<br>एउटा लघुवित्त वित्तीय संस्थामा सञ्चालक रहेको व्यक्ति एकैपटक अर्को इजाजतपत्रप्राप्त संस्था लगायत **सहकारी ऐन, २०७४** अन्तर्गत संचालित बचत तथा ऋण सहकारी संस्था तथा बीमा सम्बन्धी व्यवसाय सञ्चालन गर्ने संगठित संस्था समेतको सञ्चालक, सल्लाहकार वा कुनै पनि पदमा |

| | | | |
|---|---|---|---|
| | | सहकारी ऐन, २०४८ अन्तर्गत संचालित बचत तथा ऋण सहकारी संस्था तथा बीमा सम्बन्धी व्यवसाय सञ्चालन गर्ने संगठित संस्था समेतको सञ्चालक, सल्लाहकार वा कुनै पनि पदमा रहन पाइने छैन । **तर, इजाजतपत्रप्राप्त संस्थाले आफ्नो कर्मचारीलाई संस्थागत प्रतिनिधित्व हुने गरी सचालक नियुक्त गरेको अवस्थामा भने यस व्यवस्थाले वाधा पुऱ्याएको मानिने छैन ।** | रहन पाइने छैन । तर, इजाजतपत्रप्राप्त संस्थाले आफ्नो कर्मचारीलाई संस्थागत प्रतिनिधित्व हुने गरी सचालक नियुक्त गरेको अवस्थामा भने यस व्यवस्थाले वाधा पुऱ्याएको मानिने छैन । |
| २० | निर्देशन नं. ६ को बुँदा ६.१(११) मा संशोधन । | (११) सञ्चालक समितिको सदस्य समितिको बैठकमा नियमित रुपमा उपस्थिति हुनु पर्नेछ । यस्तो उपस्थिति **भिडियो/टेलि कन्फरेन्सको** माध्यमबाट समेत हुन सक्नेछ । मनासिव माफिकको कारण तथा पूर्व सूचना बिना लगातार ३ पटकभन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा त्यस्तो सञ्चालकको पद स्वतः रिक्त भएको मानिनेछ । | (११) सञ्चालक समितिको सदस्य समितिको बैठकमा नियमित रुपमा उपस्थित हुनु पर्नेछ । यस्तो उपस्थिति भिडियो/टेलि कन्फरेन्सको माध्यमबाट समेत हुन सक्नेछ **र सोको अभिलेख संस्थामा सुरक्षित राख्नु पर्नेछ ।** मनासिव माफिकको कारण तथा पूर्व सूचना बिना लगातार ३ पटकभन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा त्यस्तो सञ्चालकको पद स्वतः रिक्त भएको मानिनेछ । |
| २१ | निर्देशन नं. ६ को बुँदा ६.२(ग) मा संशोधन । | ((ग) आन्तरिक लेखापरीक्षकबाट नियमित रुपमा आन्तरिक लेखापरीक्षण गराउनु पर्नेछ । आन्तरिक लेखापरीक्षणको कार्य इगतकयगचअभ मार्फत गर्ने भएमा सम्बन्धित संस्थाले आफ्नो एक जना अधिकृतलाई सम्पर्क अधिकृतको जिम्मेवारी तोक्नु पर्नेछ । आन्तरिक लेखापरीक्षकले कम्तीमा त्रैमासिक रुपमा आफ्नो प्रतिवेदन सिधै लेखापरीक्षण समिति समक्ष पेश गर्ने व्यवस्था गर्नु पर्नेछ । उक्त प्रतिवेदनमा देहायका विषयहरु समेत समावेश भएको हुनु पर्नेछः-<br>(अ) आन्तरिक लेखापरीक्षणमा संलग्न जनशक्तिको विवरण ।<br>(आ) सो कार्य सम्पन्न गर्न लागेको कार्य दिन । | (ग) आन्तरिक लेखापरीक्षकबाट नियमित रुपमा आन्तरिक लेखापरीक्षण गराउनु पर्नेछ । आन्तरिक लेखापरीक्षणको कार्य Outsource मार्फत गर्ने भएमा **सो सम्बन्धी पेशागत प्रमाणपत्र प्राप्त व्यक्ति वा संस्थालाई नियुक्त गर्नु पर्नेछ र सम्बन्धित** संस्थाले आफ्नो एक जना अधिकृतलाई सम्पर्क अधिकृतको जिम्मेवारी तोक्नु पर्नेछ । आन्तरिक लेखापरीक्षकले कम्तीमा त्रैमासिक रुपमा आफ्नो प्रतिवेदन सिधै लेखापरीक्षण समिति समक्ष पेश गर्ने व्यवस्था गर्नु पर्नेछ । उक्त प्रतिवेदनमा देहायका विषयहरु समेत समावेश भएको हुनु पर्नेछः-<br>(अ) आन्तरिक लेखापरीक्षणमा संलग्न जनशक्तिको विवरण ।<br>(आ) सो कार्य सम्पन्न गर्न लागेको कार्य दिन । |
| २२ | निर्देशन नं. ६ को बुँदा ६.२(ढ) मा संशोधन । | (ढ) संस्थाले आफ्नो सञ्चालक समितिको बैठकमा सञ्चालक बाहेकका सदस्यहरुलाई आमन्त्रण गरी सञ्चालक सरह बैठक भत्ता तथा अन्य सुविधा प्रदान गर्न पाइने छैन । तर लघुवित्त वित्तीय संस्थाको सञ्चालक समितिले आवश्यकता महशुस गरेमा | (ढ) सञ्चालक समितिको बैठकमा सञ्चालक बाहेकका सदस्यहरुलाई आमन्त्रण गरी सञ्चालक सरह बैठक भत्ता तथा अन्य सुविधा प्रदान गर्न पाइने छैन । तर, संस्थाको सञ्चालक समितिले आवश्यकता महशुस गरेमा खास खास विषयमा राय/परामर्शका लागि वित्तीय स्वार्थ नभएको विषय विज्ञ व्यक्तिलाई सञ्चालक समितिको बैठकमा आमन्त्रण गरी आवश्यक राय/परामर्श प्राप्त |

| | | | |
|---|---|---|---|
| | | खासखास विषयमा ठोस राय/ परामर्शका लागि वित्तीय स्वार्थ नभएको विज्ञ व्यक्तिलाई सञ्चालक समितिको बैठकमा आमन्त्रण गरी आवश्यक राय/परामर्श प्राप्त गरी सो वापत पारिश्रमिक प्रदान गर्न भने यो व्यवस्थाले वाधा पुऱ्याएको मानिने छैन<br><br>*(प्रष्टीकरण : यस प्रयोजनका लागि सञ्चालक बाहेक अन्य पदाधिकारीले सञ्चालक संयोजक वा सदस्य रहने समिति/उपसमितिमा बैठक भत्ता लिन पाउने छैनन् ।* तर, सचिवालय सम्बन्धी काम गर्ने अन्य पदाधिकारीलाई समितिले तोकि छुट्टै भत्ता दिन सकिने छ ।) | गरी सो वापत पारिश्रमिक प्रदान गर्न, **कम्पनी सचिव तथा सचिवालयका कर्मचारीहरुलाई सञ्चालक समितिले तोकेबमोजिमको खर्च प्रदान गर्न** यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन । |
| २३ | निर्देशन नं. ६ को बुँदा ६.२(थ)(२) मा संशोधन । | (२) संस्थाले समग्र बैंकिङ्ग प्रणालीको संस्थागत सुशासन एवम् जोखिम व्यवस्थापनको गुणस्तर सुधार गर्नका लागि पारदर्शिता (Transparency), खुलासा (Disclosure), स्वार्थको द्वन्द्व (Conflict of Interest), अनुपालना (Compliance) र अन्य नियामक निकायसँगको सम्बन्ध एवम् समन्वय लगायतका विषयमा अन्तर्राष्ट्रिय असल अभ्यास (International Best Practice) समेटी आफ्ना सबै सञ्चालकहरुलाई हरेक वर्ष कम्तीमा एक पटक अभिमुखीकरण/पुनर्ताजगी गराउने व्यवस्था मिलाउनु पर्नेछ । | (२) संस्थाले समग्र बैंकिङ्ग प्रणालीको संस्थागत सुशासन एवम् जोखिम व्यवस्थापनको गुणस्तर सुधार गर्नका लागि पारदर्शिता (Transparency), खुलासा (Disclosure), स्वार्थको द्वन्द्व (Conflict of Interest), अनुपालना (Compliance) र अन्य नियामक निकायसँगको सम्बन्ध एवम् समन्वय लगायतका विषयमा असल अभ्यास (Best Practice) समेटी आफ्ना सबै सञ्चालकहरुलाई आवश्यकतानुसार अभिमुखीकरण/ पुनर्ताजगी गराउने व्यवस्था मिलाउन सक्नेछन् । |
| २४ | निर्देशन नं. ६ को बुँदा ६.२ मा उपबुँदा (द) थप । | हाल नभएको । | **(द) एकाघरका परिवारका सदस्य एउटै लघु वित्त वित्तीय संस्थामा एकै समयमा सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा निज पछिको निकटतम तल्लो वरियताको पदमा नियुक्त हुन पाइने छैन ।** |

| | | | |
|---|---|---|---|
| २५ | निर्देशन नं. ६ को बुँदा ६.३(६) लाई स्थानान्तरण गरी बुँदा ६.२(ध) कायम गर्ने र क्रमसंख्या मिलान गर्ने । | (६) सञ्चालकलाई बैठकमा उपस्थित भए बापत पाउने बैठक भत्ता लगायतका सुविधा र संस्थाको काम गर्दाको पारिश्रमिक तथा अन्य सुविधा नियमावलीमा स्पष्ट उल्लेख नगरी प्रदान गर्न पाइने छैन । | (ध) सञ्चालकलाई बैठकमा उपस्थित भए बापत पाउने बैठक भत्ता लगायतका सुविधा र संस्थाको काम गर्दाको पारिश्रमिक तथा अन्य सुविधा नियमावलीमा स्पष्ट उल्लेख नगरी प्रदान गर्न पाइने छैन । |
| २६ | निर्देशन नं. ६ को बुँदा ६.३ (९)मा संशोधन । | (९) संस्थाको चुक्ता पुँजीको १ प्रतिशत वा सोभन्दा बढी शेयर धारण गर्ने शेयरधनी सो संस्थाको सञ्चालक तथा कार्यकारी प्रमुखको पदमा बाहेक अन्य कुनै तहको पदमा नियुक्त हुन योग्य हुने छैन । राष्ट्रियस्तरको "घ" वर्गको इजाजतपत्रप्राप्त संस्थामा चुक्ता पुँजीको ५ प्रतिशत वा सोभन्दा बढी हुने गरी शेयर धारण गर्ने **शेयरधनी** सो संस्थाको सञ्चालक पद बाहेक कार्यकारी प्रमुख लगायत कुनै पनि तहको कर्मचारी पदमा नियुक्त हुन योग्य हुने छैन । यो निर्देशन जारी हुँदाका बखत कुनै व्यक्ति संस्थाको कार्यकारी प्रमुख पदमा बहाल रहेको भए विद्यमान कार्यकालको बाँकी अवधि पुरा गर्न भने यो निर्देशनले बाधा पुगेको मानिने छैन । | (८) संस्थाको चुक्ता पुँजीको १ प्रतिशत वा सोभन्दा बढी शेयर धारण गर्ने शेयरधनी र निजको एकाघरका परिवार सो संस्थाको सञ्चालक तथा कार्यकारी प्रमुखको पदमा बाहेक अन्य कुनै तहको पदमा नियुक्त हुन योग्य हुने छैन ।<br>राष्ट्रियस्तरको "घ" वर्गको इजाजतपत्रप्राप्त संस्थामा चुक्ता पुँजीको ५ प्रतिशत वा सोभन्दा बढी हुने गरी शेयर धारण गर्ने **शेयरधनी र निजको एकाघर परिवारका सदस्य** सो संस्थाको कार्यकारी प्रमुख लगायत कुनै पनि तहको कर्मचारीमा नियुक्ति/पुनर्नियुक्ति हुन योग्य हुने छैन । यो निर्देशन जारी हुँदाका बखत कुनै व्यक्ति संस्थाको कार्यकारी प्रमुख पदमा बहाल रहेको भए विद्यमान कार्यकालको बाँकी अवधि पुरा गर्न भने यो निर्देशनले बाधा पुगेको मानिने छैन । |
| २७ | निर्देशन नं. ६ को बुँदा ६.३(१२) मा संशोधन । | संस्थाको सञ्चालक समितिले प्रमुख कार्यकारी अधिकृतलाई नियुक्त गर्ने सिलसिलामा पारिश्रमिक र अन्य सुविधा लगायतका बिषयमा करार सम्झौता गर्दा सो सम्झौतामा सेवा सुविधा सम्बन्धी शर्तहरु किटानी गरी स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । संस्थालाई वित्तीय भार पर्ने सेवा सुविधा सम्बन्धी शर्तहरु उल्लेख गर्दा प्रचलित कानुनी व्यवस्था वा विनियमावलीको व्यवस्था बमोजिम हुने भनी द्विविधायुक्त र अनेकार्थी शब्द प्रयोग गरी करार सम्झौता गर्न पाइने छैन । संस्थाकै कर्मचारीहरुमध्येबाट प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त भएको अवस्थामा निजले खाइपाइ आएको सेवा सुविधा पाउने भए सो समेत करारनामामा उल्लेख गर्नुपर्नेछ । साथै, यो व्यवस्था हुनु | संस्थाको सञ्चालक समितिले प्रमुख कार्यकारी अधिकृतलाई नियुक्त गर्ने सिलसिलामा पारिश्रमिक र अन्य सुविधा लगायतका बिषयमा करार सम्झौता गर्दा सो सम्झौतामा सेवा सुविधा सम्बन्धी शर्तहरु किटान गरी स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । **यसरी करार सम्झौता गर्दा साविकको सेवा अवधि समेत जोडी उपदान लगायतका सुविधा प्रदान गर्ने गरी सम्झौता गर्न पाइने छैन** । संस्थालाई वित्तीय भार पर्ने सेवा सुविधा सम्बन्धी शर्तहरु उल्लेख गर्दा प्रचलित कानुनी व्यवस्था वा विनियमावलीको व्यवस्था बमोजिम हुने भनी द्विविधायुक्त र अनेकार्थी शब्द प्रयोग गरी करार सम्झौता गर्न पाइने छैन । संस्थाकै कर्मचारीहरुमध्येबाट प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त भएको अवस्थामा निजले खाइपाइ आएको सेवा सुविधा पाउने भए सो समेत करारनामामा उल्लेख गर्नुपर्नेछ । साथै, यो व्यवस्था हुनु अगावै गरिएका सम्झौताहरुका सम्बन्धमा सम्बन्धित लघुवित्त वित्तीय संस्थाले यसै व्यवस्था |

| | | | |
|---|---|---|---|
| | | अगावै गरिएका सम्झौताहरुका सम्बन्धमा सम्बन्धित लघुवित्त वित्तीय संस्थाले यसै व्यवस्था बमोजिम हुने गरी साविक सम्झौतामा तदनुरुपले संशोधन/परिमार्जन गर्नु पर्नेछ। | बमोजिम हुने गरी साविक सम्झौतामा तदनुरुपले संशोधन/परिमार्जन गर्नु पर्नेछ। |
| २८ | निर्देशन नं. ६ को बुँदा ६.५को पहिलो अनुच्छेदमा संशोधन। | संस्थाले आफ्ना कर्मचारीहरुको दक्षता अभिवृद्धिका लागि प्रत्येक वर्ष कुल कर्मचारी खर्चको न्यूनतम ३ प्रतिशत रकम तालिम तथा वृत्ति विकासमा खर्च गर्नु पर्नेछ। यस्तो खर्च गर्दा निम्नानुसारका शर्तहरु पालना गर्नु पर्नेछ : | संस्थाले आफ्ना कर्मचारीहरुको दक्षता अभिवृद्धिका लागि **प्रत्येक वर्ष कर्मचारीको कुल तलब भत्ताको ३ प्रतिशत** रकम तालिम तथा वृत्ति विकासमा खर्च गर्नु पर्नेछ। यस्तो खर्च गर्दा निम्नानुसारका शर्तहरु पालना गर्नु पर्नेछ : |
| २९ | निर्देशन नं.६ को बुँदा ६.६ (१) (घ) हटाउने र क्रमसंख्या मिलान गर्ने। | (घ) खण्ड (क) बमोजिम समिति गठन गर्दा लेखापरीक्षण समितिमा ३ जना र अन्य समितिमा आवश्यकता अनुसार आमन्त्रण गरिने विशेषज्ञ व्यक्ति सहित कम्तीमा ३ देखि बढीमा ५ जनासम्म सदस्य हुन सक्ने छन्। | हटाउने |
| ३० | निर्देशन नं.६ को बुँदा ६.६ (१) (च) हटाउने र क्रमसंख्या मिलान गर्ने। | (च) उपर्युक्त बमोजिम **तीन वटा** समिति कायम हुने गरी यस बैंकबाट परिपत्र जारी हुनु भन्दा अगाडि विभिन्न विनियमावलीहरुमा भएको व्यवस्था अनुसार सञ्चालकहरुले प्रतिनिधित्व गर्ने गरी गठन भएका समितिलाई व्यवस्थापन अन्तर्गत गठन गर्ने व्यवस्था मिलाउनु पर्नेछ। | हटाउने |
| ३१ | निर्देशन नं.६ को बुँदा ६.६ (१) (छ) मा संशोधन। | (छ) समितिका सदस्यहरुको बैठक भत्ता सञ्चालक समितिका सदस्यले पाउने बैठक भत्ता भन्दा बढी नहुने गरी तोक्नु पर्ने छ। | **(छ) सञ्चालकको संयोजकत्वमा गठित समिति/उप-समितिका सदस्यहरुको बैठक भत्ता सञ्चालक समिति सरह र अन्य पदाधिकारीहरुको भत्ता सञ्चालकको भन्दा कम हुने गरी सञ्चालक समितिले तोकेबमोजिम हुनेछ।** |
| ३२ | निर्देशन नं.६ को बुँदा ६.६ (१) (ज) मा संशोधन। | (ज) नायव कार्यकारी प्रमुख पदमा बढुवा वा नयाँ पदपूर्ति प्रक्रियाबाट नियुक्ति गर्दा कार्यकारी प्रमुखको सिफारिसमा **समिति**ले गर्नुपर्नेछ। नायव कार्यकारी प्रमुख भन्दा तल्लो तहका कर्मचारीको बढुवा वा नयाँ पदपूर्ति गर्दा प्रमुख कार्यकारी अधिकृतको निकटतम तल्लो वरियताको पदाधिकारीको संयोजकत्वमा गठित | (ज) नायव कार्यकारी प्रमुख पदमा बढुवा वा नयाँ पदपूर्ति प्रक्रियाबाट नियुक्ति गर्दा कार्यकारी प्रमुखको सिफारिसमा **संस्थाको कर्मचारी सेवा विनियमावलीमा भएको व्यवस्था अनुसार सञ्चालक समिति**ले गर्नु पर्नेछ। नायव कार्यकारी प्रमुख भन्दा तल्लो तहका कर्मचारीको बढुवा वा नयाँ पदपूर्ति गर्दा प्रमुख कार्यकारी अधिकृतको निकटतम तल्लो वरियताको पदाधिकारीको संयोजकत्वमा गठित पदपूर्ति समितिको सिफारिसमा **संस्थाको** |

| | | | |
|---|---|---|---|
| | | पदपूर्ति समितिको सिफारिसमा कार्यकारी प्रमुखले गर्नेछ । | **कर्मचारी सेवा विनियमावलीमा भएको व्यवस्था अनुसार** कार्यकारी प्रमुखले गर्नेछ । |
| ३३ | निर्देशन नं. ६ को बुँदा ६.६ (२) को पहिलो अनुच्छेदमा संशोधन । | **(२) लेखापरीक्षण समिति सम्बन्धी व्यवस्था**<br>सञ्चालक समितिले गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा **३ जनाको** एउटा लेखापरीक्षण समिति गठन गर्नु पर्नेछ । सो समितिको सदस्य सचिव आन्तरिक लेखा परिक्षण विभागको प्रमुख हुनेछ र आन्तरिक लेखापरिक्षण विभाग नभएको अवस्थामा **लेखा/वित्त विभागको प्रमुख** हुनेछ । सो समितिले संस्थाको आर्थिक अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण, लेखापरीक्षण सम्बन्धी कार्यक्रम र लेखापरीक्षणको परिणाम सम्बन्धमा विस्तृत छलफल गरी लघुवित्त वित्तीय संस्थाको व्यवस्थापनलाई आवश्यक निर्देशन दिनेछ । लघुवित्त वित्तीय संस्थाका आन्तरिक र वाह्य लेखापरीक्षकहरुले सो समितिमा सिधै पहुँच राख्न सक्नेछन् । निजहरुले पेश गर्ने प्रतिवेदन र यस समितिको प्रतिवेदन उपर लघुवित्त वित्तीय संस्थाको सञ्चालक समितिले विस्तृत छलफल गर्नु पर्नेछ । लघुवित्त वित्तीय संस्थामा गठन हुने लेखापरीक्षण समितिमा कार्यकारी प्रमुखलाई सदस्यको रुपमा राख्न पाइने छैन तर आवश्यकता परेको अवस्थामा आमन्त्रित सदस्यको रुपमा बोलाउन वाधा पुगेको मानिने छैन । | **(२) लेखापरीक्षण समिति सम्बन्धी व्यवस्था**<br>सञ्चालक समितिले गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा **३ जनाको** एउटा लेखापरीक्षण समिति गठन गर्नु पर्नेछ । सो समितिको सदस्य सचिव आन्तरिक लेखापरीक्षण विभागको प्रमुख हुनेछ र आन्तरिक लेखापरीक्षण विभाग नभएको अवस्थामा लेखा/वित्त विभागको प्रमुख बाहेकको प्रमुख सदस्य सचिव हुनेछ । **समितिको बैठक ३ महिनामा कम्तीमा एक पटक बस्नु पर्नेछ ।** सो समितिले संस्थाको आर्थिक अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण, लेखापरीक्षण सम्बन्धी कार्यक्रम र लेखापरीक्षणको परिणाम सम्बन्धमा विस्तृत छलफल गरी लघुवित्त वित्तीय संस्थाको व्यवस्थापनलाई आवश्यक निर्देशन दिनेछ । लघुवित्त वित्तीय संस्थाका आन्तरिक र वाह्य लेखापरीक्षकहरुले सो समितिमा सिधै पहुँच राख्न सक्नेछन् । निजहरुले पेश गर्ने प्रतिवेदन र यस समितिको प्रतिवेदन उपर लघुवित्त वित्तीय संस्थाको सञ्चालक समितिले विस्तृत छलफल गर्नु पर्नेछ । लघुवित्त वित्तीय संस्थामा गठन हुने लेखापरीक्षण समितिमा कार्यकारी प्रमुखलाई सदस्यको रुपमा राख्न पाइने छैन तर आवश्यकता परेको अवस्थामा आमन्त्रित सदस्यको रुपमा बोलाउन वाधा पुगेको मानिने छैन । |
| ३४ | निर्देशन नं. ६ को बुँदा नं. ६.६(३) को पहिलो अनुच्छेदमा संशोधन । | **(३) कर्मचारी सेवा सुविधा समिति सम्बन्धी व्यवस्था**<br>सञ्चालक समितिले एक जना गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा एउटा "कर्मचारी सेवा सुविधा समिति" गठन गर्न सक्नेछ । समितिका सदस्यहरुमध्ये लेखा सम्बन्धी विभागका विभागीय प्रमुख सदस्य, जनशक्ति सम्बन्धी विभागका विभागीय प्रमुख सदस्य-सचिव हुनेछन् । | **(३) कर्मचारी सेवा सुविधा समिति सम्बन्धी व्यवस्था**<br>सञ्चालक समितिले एकजना गैर-कार्यकारी सञ्चालकको संयोजकत्वमा एउटा "कर्मचारी सेवा सुविधा समिति" गठन गर्न सक्नेछ । उक्त समितिमा संस्थाको प्रमुख कार्यकारी अधिकृत र लेखा सम्बन्धी विभागका विभागीय प्रमुख सदस्य तथा जनशक्ति व्यवस्थापन सम्बन्धी विभागका विभागीय प्रमुख सदस्य सचिव हुनेछन् । **समितिमा आवश्यकता अनुसार आमन्त्रण गरिने विशेषज्ञ सहित बढीमा ५ जनासम्म सदस्य हुन सक्नेछन् ।** |
| ३५ | निर्देशन नं. ६ को बुँदा नं. ६.६(४)को | **(४) जोखिम व्यवस्थापन समिति सम्बन्धी व्यवस्था**<br>सञ्चालक समितिले एक जना गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा एउटा जोखिम व्यवस्थापन | **(४) जोखिम व्यवस्थापन समिति सम्बन्धी व्यवस्था**<br>सञ्चालक समितिले एक जना गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा एउटा जोखिम व्यवस्थापन समिति गठन गर्न सक्नेछ । समितिको सदस्यहरु |

| | | | |
|---|---|---|---|
| | पहिलो अनुच्छेदमा संशोधन । | समिति गठन गर्न सक्नेछ । समितिको सदस्यहरु मध्ये सञ्चालन -अपरेसन) विभागका विभागीय प्रमुख सदस्य र कर्जा विभागका विभागीय प्रमुख वा जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने अलग्गै इकाई भएमा सोको प्रमुख सदस्य-सचिव हुनेछ । लेखापरीक्षण समितिका संयोजक जोखिम व्यवस्थापन समितिको पदेन सदस्य हुनेछ । समितिको बैठक तीन महिनामा कम्तीमा एक पटक बस्नु पर्नेछ । | मध्ये सञ्चालन (अपरेसन) विभागका विभागीय प्रमुख सदस्य र कर्जा विभागका विभागीय प्रमुख वा जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने अलग्गै इकाई भएमा सोको प्रमुख सदस्य-सचिव हुनेछ । लेखापरीक्षण समितिका संयोजक जोखिम व्यवस्थापन समितिको पदेन सदस्य हुनेछ । **समितिमा आवश्यकता अनुसार आमन्त्रण गरिने विशेषज्ञ सहित बढीमा ५ जनासम्म सदस्य हुन सक्नेछन् ।** समितिको बैठक ३ महिनामा कम्तीमा एक पटक बस्नु पर्नेछ । |
| ३६ | निर्देशन नं. ६ मा बुँदा नं. ६.६(५) थप । | **हाल नभएको ।** | **(५) सम्पत्ति शुद्धीकरण अनुगमन समिति सम्बन्धी व्यवस्था**<br>**सञ्चालक समितिले एक जना गैरकार्यकारी सञ्चालकको संयोजकत्वमा एउटा सम्पत्ति शुद्धीकरण समिति गठन गर्न सक्नेछ । समितिको सदस्यहरु मध्ये कर्जा विभागका विभागीय प्रमुख  सदस्य र सञ्चालन (अपरेसन) वा अनुपालना विभागका विभागीय प्रमुख सदस्य-सचिव हुनेछ । संस्थाको प्रमुख कार्यकारी अधिकृत समितिको पदेन सदस्य हुनेछ । समितिमा आवश्यकता अनुसार आमन्त्रण गरिने विशेषज्ञ सहित बढीमा ५ जनासम्म सदस्य हुन सक्नेछन् ।** |
| ३७ | निर्देशन नं. ६ को बुँदा ६.७ (ग) मा संशोधन । | निर्देशन नं. ६ को बुँदा ६.७ (ग)<br>**कार्यकारी प्रमुख** र संस्थाका कर्मचारीहरुलाई संस्थाको कर्मचारी विनियमावली अनुसार सुविधायुक्त सापटी प्रदान गर्न यो निर्देशनले बाधा पुऱ्याएको मानिने छैन । | निर्देशन नं. ६ को बुँदा ६.७ (ग)<br>उपबुँदा नं. (क) तथा (ख) मा जुनसुकै कुरा लेखिएको भएतापनि **कार्यकारी प्रमुखको हकमा सम्झौतापत्रमा उल्लेख भए बमोजिम** र संस्थाका कर्मचारीहरुलाई संस्थाको कर्मचारी सेवा विनियमावली अनुसार सुविधायुक्त सापटी प्रदान गर्न यो निर्देशनले बाधा पुऱ्याएको मानिने छैन । |
| ३८ | निर्देशन नं. ६ को बुँदा ६.७ (घ) मा संशोधन । | (घ) यस बैंकबाट थोक कर्जा कारोबार मात्र गर्ने इजाजतपत्र पाएका संस्थाको संस्थागत संस्थापक शेयरधनीहरुलाई सोही संस्थाबाट कर्जा प्रवाह गर्न छुट प्रदान गरिएको छ ।<br>यस्तो ऋणी संस्थाबाट थोक कर्जा कारोबार गर्ने संस्थाको सञ्चालक समितिमा प्रतिनिधित्व भएको अवस्थामा समेत कर्जा प्रवाह गर्न बाधा पर्ने  छैन । | (घ) यस बैंकबाट थोक कर्जा **मात्र** कारोबार गर्ने इजाजतपत्र पाएका संस्थाको संस्थागत संस्थापक **शेयरधनीहरुलाई सोही संस्थाबाट थोक** कर्जा प्रवाह गर्न छुट प्रदान गरिएको छ ।<br>यस्तो ऋणी संस्थाबाट थोक कर्जा कारोबार गर्ने संस्थाको सञ्चालक समितिमा प्रतिनिधित्व भएको अवस्थामा समेत थोक कर्जा प्रवाह गर्न बाधा पर्ने  छैन । |
| ३९ | निर्देशन नं. ६ को बुँदा ६.११ मा संशोधन । | इजाजतपत्रप्राप्त गर्ने क्रममा रहेका लघुवित्त वित्तीय संस्थाका प्रस्तावित सञ्चालक/वा प्रवन्ध सञ्चालकहरुले वित्तीय कारोबार गर्ने इजाजतपत्रप्राप्त नगरेसम्म कुनै | इजाजतपत्रप्राप्त गर्ने क्रममा रहेका लघुवित्त वित्तीय संस्थाका प्रस्तावित सञ्चालक/वा प्रवन्ध सञ्चालकहरुले वित्तीय कारोबार गर्ने इजाजतपत्रप्राप्त नगरेसम्म कुनै पनि प्रकारको पारिश्रमिक, भत्ता तथा अन्य आर्थिक सुविधाहरु |

| | | | |
|---|---|---|---|
| | | पनि प्रकारको पारिश्रमिक, भत्ता तथा अन्य आर्थिक सुविधाहरु लिन पाइने छैन । प्रस्तावित संस्थामा कार्यरत कर्मचारीहरुले प्रस्तावित सञ्चालक समितिले निर्णय गरे बमोजिमको पारिश्रमिक लिन भने बाधापर्ने छैन । वित्तीय कारोबारको इजाजतपत्रप्राप्त गरी सकेका तर सर्वसाधारणमा सार्वजनिक शेयर निष्काशन नगरेका संस्थाका सञ्चालक, प्रवन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत लगायतका अधिकारीहरुले प्राप्त गर्ने पारिश्रमिक, भत्ता तथा अन्य आर्थिक सुविधाहरु उक्त संस्थाको सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व भएको प्रथम साधारणसभा सम्पन्न नभएसम्म वृद्धि गर्न पाइने छैन । | लिन पाइने छैन । प्रस्तावित संस्थामा कार्यरत कर्मचारीहरुले प्रस्तावित सञ्चालक समितिले निर्णय गरे बमोजिमको पारिश्रमिक लिन भने बाधापर्ने छैन । वित्तीय कारोबारको इजाजतपत्रप्राप्त गरी सकेका तर सर्वसाधारणमा सार्वजनिक शेयर निष्काशन नगरेका संस्थाका सञ्चालक, प्रवन्ध सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा **प्रमुख कार्यकारी अधिकृतको निकटतम तल्लो वरियताका अधिकारीले** प्राप्त गर्ने पारिश्रमिक, भत्ता तथा अन्य आर्थिक सुविधाहरु उक्त संस्थाको सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व भएको प्रथम साधारणसभा सम्पन्न नभएसम्म वृद्धि गर्न पाइने छैन । |
| ४० | निर्देशन नं. ६ को बुँदा ६.१४ (क) (१) मा संशोधन । | (१) सामाजिक परियोजनाहरुमा हुने खर्च : शिक्षा, स्वास्थ्य, दैवी प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, सांस्कृतिक प्रबर्द्धन, दुर्गम क्षेत्रमा पूर्वाधार सुधार, सामाजिक रुपले पिछडिएका वर्गको आय आर्जन क्षमता अभिवृद्धि, वित्तीय साक्षरता, ग्राहक संरक्षण सम्बन्धी कार्यक्रम आदिमा गर्ने प्रत्यक्ष तथा अप्रत्यक्ष खर्च । परियोजना छनौट गर्दा सम्बन्धित क्षेत्रमा कार्य गरिरहेका विशिष्टिकृत संस्थाहरुबाट सार्वजनिक सूचना मार्फत् प्रस्ताव माग गरी छनौट गर्नु पर्नेछ । | (१) सामाजिक परियोजनाहरुमा हुने खर्च : शिक्षा, स्वास्थ्य, दैवी प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, सांस्कृतिक प्रबर्द्धन, दुर्गम क्षेत्रमा पूर्वाधार सुधार, सामाजिक रुपले पिछडिएका वर्गको आय आर्जन क्षमता अभिवृद्धि, वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम आदिमा गर्ने प्रत्यक्ष तथा अप्रत्यक्ष खर्च । परियोजना छनौट गर्दा सम्बन्धित क्षेत्रमा कार्य गरिरहेका विशिष्टिकृत संस्थाहरुबाट सार्वजनिक सूचना मार्फत् प्रस्ताव माग गरी छनौट गर्नु पर्नेछ । |
| ४१ | निर्देशन . नं. ६ को बुँदा ६.१८ (२) मा संशोधन । | संस्थाका संचालक समितिका अध्यक्ष, सदस्य र प्रमुख कार्यकारी अधिकृतको विदेश भ्रमण सम्बन्धी व्यवस्थालाई थप व्यवस्थित बनाउन सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले **२०७४ चैत मसान्तसम्ममा** यस सम्बन्धी कार्यविधि बनाई लागू गर्नुपर्नेछ र त्यस्तो कार्यविधिमा अन्य आवश्यक विषयहरुका अतिरिक्त देहाय बमोजिमको व्यवस्था कायम गरेको हुनुपर्नेछ । | संस्थाका संचालक समितिका अध्यक्ष, सदस्य र प्रमुख कार्यकारी अधिकृतको विदेश भ्रमण सम्बन्धी व्यवस्थालाई थप व्यवस्थित बनाउन सम्बन्धित इजाजतपत्र प्राप्त संस्थाले यस सम्बन्धी कार्यविधि बनाइ लागू गर्नुपर्नेछ र त्यस्तो कार्यविधिमा अन्य आवश्यक विषयहरुका अतिरिक्त देहाय बमोजिमको व्यवस्था कायम गरेको हुनुपर्नेछ । |
| ४२ | निर्देशन नं. ६ मा बुँदा ६.१८ (२) (घ) थप । | हाल नभएको । | **(घ) विदेश भ्रमणबाट फर्केको १५ दिनभित्र सोको प्रतिवेदन तयार गरी संस्थामा पेश गर्नु पर्नेछ ।** |

| | | | |
|---|---|---|---|
| ४३ | निर्देशन नं. ७ को बुँदा ७.१ मा संशोधन । | ७.१ स्थलगत निरीक्षण प्रतिवेदन प्राप्त भएको मितिले बढीमा तीस दिनभित्र लघुवित्त वित्तीय संस्थाको सञ्चालक समितिले उक्त प्रतिवेदनमा उल्लिखित कैफियतहरुको सुधार तथा दिएका निर्देशनहरुको पालना गरी सो निरीक्षण प्रतिवेदनमा उठाइएका बुँदाहरुको सुधारको स्थिति सहितको प्रतिक्रिया यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ । तोकिएको समयभित्र आवश्यक सुधार गरी प्रतिक्रिया पठाउन नसक्ने अवस्था भएमा यस बैंकको स्वीकृति लिई प्राप्त भएको अवधिभित्र उक्त प्रतिवेदन यस बैंकमा पेश गर्नु पर्नेछ । | ७.१ स्थलगत निरीक्षण प्रतिवेदन प्राप्त भएको मितिले बढीमा **३०** दिनभित्र लघुवित्त वित्तीय संस्थाको सञ्चालक समितिले उक्त प्रतिवेदनमा उल्लिखित कैफियतहरुको सुधार तथा दिएका निर्देशनहरुको पालना गरी सो निरीक्षण प्रतिवेदनमा उठाइएका बुँदाहरुको सुधारको स्थिति सहितको प्रतिक्रिया यस बैंकको सम्बन्धित सुपरिवेक्षण विभागमा पठाउनु पर्नेछ । तोकिएको समयभित्र आवश्यक सुधार गरी प्रतिक्रिया पठाउन नसक्ने अवस्था भएमा यस बैंकको स्वीकृति लिई प्राप्त भएको अवधिभित्र उक्त प्रतिवेदन यस बैंकमा पेश गर्नु पर्नेछ । |
| ४४ | निर्देशन न. ८ को बुँदा ८.१ मा संशोधन । | ८.१ संस्थाले सरकारी सुरक्षणपत्र, नेपाल राष्ट्र बैंक ऋणपत्र तथा संगठित संस्थाहरुको शेयर तथा डिबेञ्चरमा लगानी गर्ने नीति तथा कार्यविधि सञ्चालक समितिबाट स्वीकृत गराएर मात्र लागू गर्नु पर्नेछ । | ८.१ संस्थाले **सरकारी सुरक्षणपत्र, नेपाल राष्ट्र बैंक ऋणपत्रमा** लगानी गर्ने नीति तथा कार्यविधि सञ्चालक समितिबाट स्वीकृत गराएर मात्र लागू गर्नु पर्नेछ । |
| ४५ | निर्देशन न. १० को बुँदा १०.१३ (घ) मा संशोधन । | (घ) **बुँदा नं. २** को खण्ड (ङ) मा उल्लिखित अयोग्यता भएको व्यक्ति/संस्था संस्थापक शेयर खरिद/बिक्री गर्ने कार्यमा सहभागी हुन पाउने छैनन् । | निर्देशन न. १० को बुँदा १०.१३ (घ)<br>(घ) **बुँदा नं. १०.२** को खण्ड (ङ) मा उल्लिखित अयोग्यता भएको व्यक्ति/संस्था संस्थापक शेयर खरिद/बिक्री गर्ने कार्यमा सहभागी हुन पाउने छैनन् । |
| ४६ | निर्देशन न. १० को बुँदा १०.१४ मा संशोधन । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११ (४) को प्रयोजनका लागि यस बैंकको स्वीकृति लिई ५१ प्रतिशतभन्दा बढी संस्थापक समूहको शेयर स्वामित्व रहेका लघुवित्त वित्तीय संस्थाका संस्थापक शेयरधनीहरुले चाहेमा संस्थापक समूहको शेयर स्वामित्व कम्तिमा ५१ प्रतिशत कायम रहने गरी बाँकी शेयर सर्वसाधारण शेयर सरह धितोपत्रको दोस्रो बजार (Secondary Market) मार्फत् कारोबार गर्न सक्ने छन् । यस सम्बन्धमा आवश्यक शर्तहरु यस बैंकले तोक्न सक्नेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११ को उपदफा (४) को प्रयोजनको लागि देहायमा उल्लिखित शर्तहरुको अधीनमा रही ५१ प्रतिशतभन्दा बढी संस्थापक समूहको सेयर स्वामित्व रहेका संस्थाका संस्थापक सेयरधनीहरुले चाहेमा संस्थापक समूहको सेयर स्वामित्व कम्तीमा ५१ प्रतिशत कायम रहने गरी बाँकी संस्थापक सेयर सर्वसाधारण सेयरमा परिणत गर्न सक्नेछन् ।<br>(क) संस्थाले वित्तीय कारोबार सञ्चालन भएको दश वर्ष पुरा गरेको हुनु पर्नेछ ।<br>(ख) संस्थापक वा संस्थापक समूहको सेयर स्वामित्व कम्तीमा ५१ प्रतिशत कायमै रहनु पर्नेछ ।<br>(ग) ५१ प्रतिशतभन्दा बढी भएको सेयर स्वामित्व धितोपत्र विनिमय बजार लिमिटेड मार्फत खरिद/ बिक्री/परिणत गर्ने प्रयोजनको |

| | | | |
|---|---|---|---|
| | | | लागि संस्थापकहरुको सेयर लगानीको अनुपातमा समानुपातिक रुपमा (Pro-rata basis) बढी हुने सेयर सर्वसाधारणमा परिणत गर्न सकिनेछ ।<br><br>तर, कुनै संस्थापक/संस्थापक समूहमा रहेको सेयरधनीले माथि उल्लेख भए अनुसारको सेयरहरु अर्को समूहमा परिणत गर्न नचाहेको भनी स्वःघोषणा विवरण प्राप्त भएको अवस्था रहेछ भने बाँकी रहेका सदस्यहरुले संस्थापक/संस्थापक समूहको सेयर स्वमित्व ५१ प्रतिशतभन्दा कम नहुने गरी त्यस्तो सेयर अनुपात उपयोग गर्न पाउने छन् । एकपटक सर्वसाधारण सेयरमा परिणत भैसकेको सेयर पुनः संस्थापक वा संस्थापक समूहको सेयरमा परिणत गर्न पाइने छैन ।<br><br>(घ) यस सम्बन्धमा सम्बन्धित संस्थाको सञ्चालक समितिको सिफारिस सहित यस बैंकबाट स्वीकृति प्राप्त गर्नु पर्नेछ । यसरी स्वीकृति प्राप्त भएपछि आगामी साधारण सभाबाट प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गरी सोही बमोजिम सेयर स्वामित्व संरचना एवम् सञ्चालक समितिमा पनि सेयर स्वामित्व अनुरुप प्रतिनिधित्व हुने गरी मिलाउनु पर्नेछ । सो बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन नभएसम्म यसरी खरिद/बिक्री/ परिणत हुने सेयरको अंश संस्थापक समूहमा नै रहेको मानिने छ ।<br><br>(ङ) संस्थापक समूहमा रहेको सेयर सर्वसाधारण सेयरमा परिणत गरी बिक्री गर्ने व्यक्ति/संस्था कालोसूचीमा रहेको भएमा निजको सेयर संस्थाको कर्जा चुक्ता गर्ने प्रयोजनको लागि मात्र बिक्री गर्न पाइनेछ । कालोसूचीमा रहे/नरहेको व्यहोरा सम्बन्धित संस्थाले नै यकिन गर्नु पर्नेछ ।<br><br>(च) यस व्यवस्था अनुरुप संस्थापक समुहको स्वामित्वमा रहेको सेयर सर्वसाधारण सेयरमा परिणत गर्ने कार्य पुँजीबजार, बैंकिङ लगायत समग्र वित्तीय क्षेत्रमा पर्ने प्रभाव समेतलाई विचार गरी एकपटकमा बढीमा १० प्रतिशत बिन्दुसम्म गर्न सकिनेछ । साथै, यसरी परिणत गर्ने कार्य कम्तीमा २ पटक गर्नु पर्नेछ ।<br><br>(छ) संस्थामा सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कम्पनी सचिव वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा |

| | | | |
|---|---|---|---|
| | | | प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहेको अवस्थामा समेत संस्थापक समूहको सेयर यस व्यवस्था अनुरुप सर्वसाधारणमा परिणत गर्न बाधा पर्नेछैन । तर, खरिद/बिक्री सम्बन्धी प्रक्रिया प्रचलित कानुनको अधीनमा रही गर्नु पर्नेछ । |
| ४७ | निर्देशन न. १२ को १२.१ मा कालो सूची र १२.२ मा कर्जा सूचना सम्बन्धी व्यवस्था थप गरी क्रमसंख्या मिलान गर्ने । | हाल नभएको । | **कालोसूची र कर्जा सूचना सम्बन्धी व्यवस्था**<br>**१२.१ कालोसूची सम्बन्धी व्यवस्था**<br>इजाजतपत्रप्राप्त संस्थाले पाँच लाख रुपैया वा सोभन्दा बढीको कर्जा रकम कालोसूची सम्बन्धी प्रचलित व्यवस्था अन्तर्गत कालोसूचीमा राख्न सिफारिस गर्नु पर्नेछ । यस व्यवस्था अनुसार इजाजतपत्रप्राप्त संस्थाबाट जतिसुकै परिमाणको कर्जा, सापट तथा सुविधा रकम लिई नियतवस कर्जा नतिर्ने ॠणीहरुलाई कालोसूचीमा राख्न सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले कर्जा सूचना केन्द्रलाई सिफारिस गर्न बाधा पुगेको मानिने छैन ।<br>**१२.२ कर्जा सूचना सम्बन्धी व्यवस्था**<br>कर्जा प्रवाह गर्न, पुरानो कर्जा नवीकरण गर्न, पुनरसंरचना वा पुनरतालिकीकरण गर्नु अगावै ॠणी/ग्राहकको बारेमा केन्द्रबाट अनिवार्य रुपमा कर्जा सूचना लिनु पर्नेछ । यसरी कर्जा सूचना माग भएमा केन्द्रले बढीमा ३ (तीन) कार्य दिनभित्रमा त्यस्तो सूचना उपलब्ध हुने व्यवस्था मिलाउनु पर्नेछ । |
| ४८ | निर्देशन न.१२ को बुँदा १२.१ को उपबुँदा नं. (१.२) को खण्ड (ग) हटाउने । | (ग) माथि उल्लेखित खण्ड (क) र (ख) बमोजिमको सूचना कर्जा सूचना केन्द्र लिमिमटेडमा नपठाइएमा सूचना नपाइएको त्यस्तो कर्जामा २ प्रतिशत विन्दुले थप कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ । | हटाउने |
| ४९ | निर्देशन नं. १२ को बुँदा १२.१ को उपबुँदा नं. (१.४) थप गरी क्रमसंख्या मिलान गर्ने । | हाल नभएको । | **माथि उल्लेखित बुँदा १.२ (क) बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा सूचना नपठाइएको र बुँदा १.३ (क) बमोजिम कर्जा सूचना नलिई प्रवाह भएको कुनै एक वा दुवै अवस्था भएका कर्जामा २ प्रतिशत बिन्दुले थप कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ । यस व्यवस्था बमोजिम कर्जा नोक्सानी व्यवस्था थप गर्दा कर्जाको शत् प्रतिशत भन्दा बढी हुने छैन ।** |

| | | | |
|---|---|---|---|
| ५० | निर्देशन नं. १२ को बुँदा १२.१ ( १.४) मा संशोधन । | ईजाजतप्राप्त संस्थाले केन्द्रमा उपलब्ध गराउनु पर्ने ऋणीहरुको विवरण समयमै उपलब्ध गराए नगराएको तथा कर्जा प्रवाह गर्नु अघि कर्जा सूचना लिए नलिएको सम्बन्धमा केन्द्रले ईजाजतप्राप्त संस्थाको अनुगमन गर्न सक्नेछ र केन्द्रले सोको प्रतिवेदन यस बैंकको लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा पेश गर्नु पर्नेछ । | ईजाजतप्राप्त संस्थाले केन्द्रमा उपलब्ध गराउनु पर्ने ऋणीहरुको विवरण समयमै उपलब्ध गराए नगराएको तथा कर्जा प्रवाह गर्नु अघि कर्जा सूचना लिए नलिएको सम्बन्धमा केन्द्रले ईजाजतप्राप्त संस्थाको **अनुगमन गर्न चाहेमा केन्द्रलाई लघु वित्त वित्तीय संस्थाले सहयोग गर्नु पर्नेछ** । |
| ५१ | निर्देशन नं. १५ को बुँदा १५.१ मा संशोधन । | **१५.१ ब्याजदर निर्णय गराएर लागू गर्नु पर्ने**<br>लघुवित्त वित्तीय संस्थाले निक्षेपमा दिने र कर्जा तथा सापटमा लिने ब्याजदर, ब्याज गणना विधि, हर्जाना लगाउने विधि, सेवा शुल्क र कमिशन दर लघुवित्त वित्तीय संस्थाले निर्णय गराई लागू गर्नु पर्नेछ । लघुवित्त वित्तीय संस्थाले निक्षेपमा प्रदान गर्ने प्रकाशित ब्याजदरमा ०.५ प्रतिशत बिन्दुसम्म बढाउन सक्नेछन् भने कर्जाको ब्याजदरको हकमा प्रकाशित ब्याजदरभन्दा बढी दर कायम गर्न पाइने छैन । **लघुवित्त वित्तीय संस्थाले कर्जा प्रवाह गर्दा प्रशासनिक सेवा शुल्क र ब्याज बाहेक कर्जासँग सम्बन्धित अन्य कुनै पनि रकम लिन पाईने छैन । तर आफ्ना ग्राहकहरुका लागि कर्जा सूचना केन्द्र लिमिटेड जस्ता अन्य संस्था/निकाय मार्फत सेवा लिने सन्दर्भमा सो सेवा वापत त्यस्ता संस्था/निकायहरुलाई भुक्तानी गर्नुपर्ने लागतसम्म मात्र सेवा शुल्क असुल गर्न भने यो व्यवस्थाले वाधा पारेको मानिने छैन ।** | **१५.१ ब्याजदर निर्णय गराएर लागू गर्नु पर्ने**<br>लघु वित्त वित्तीय संस्थाले आफ्ना सदस्यहरुबाट संकलित **बचतमा** दिने र कर्जामा लिने ब्याजदर, ब्याज गणना विधि, हर्जाना लगाउने विधि, सेवा शुल्क र कमिशन दर लघु वित्त वित्तीय संस्थाले निर्णय गराई लागू गर्नु पर्नेछ । लघु वित्त वित्तीय संस्थाले निक्षेपमा प्रदान गर्ने प्रकाशित ब्याजदरमा ०.५ प्रतिशत बिन्दुसम्म बढाउन सक्नेछन् भने कर्जाको ब्याजदरको हकमा प्रकाशित ब्याजदरभन्दा बढी दर कायम गर्न पाइने छैन । लघु वित्त वित्तीय संस्थाले कर्जा प्रवाह गर्दा प्रशासनिक **सेवा शुल्क, ब्याज र हर्जाना ब्याज बाहेक** कर्जासँग सम्बन्धित अन्य कुनै पनि रकम लिन पाईने छैन । तर आफ्ना ग्राहकहरुका लागि कर्जा सूचना केन्द्र लिमिटेड जस्ता अन्य संस्था/निकाय मार्फत सेवा लिने सन्दर्भमा सो सेवा वापत त्यस्ता संस्था/निकायहरुलाई भुक्तानी गर्नुपर्ने लागतसम्म मात्र सेवा शुल्क असुल गर्न भने यो व्यवस्थाले वाधा पारेको मानिने छैन । |
| ५२ | निर्देशन नं. १६ को बुँदा १६.१ मा संशोधन | **वित्तीय श्रोत संकलन सीमा**<br>(१) संस्थाले आफ्नो प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्न सक्नेछ । तर, यसै निर्देशनको बुँदा नं. १६.५ को अवस्थामा बाहेक गैर-सदस्यहरुबाट निक्षेप परिचालन गर्न पाइने छैन ।<br>स्पष्टीकरण :- "वित्तीय स्रोत" भन्नाले समूह सदस्यहरुबाट **निक्षेप, सापटी र डिवेञ्चरबाट** संकलित रकम सम्झनु पर्दछ । | **वित्तीय श्रोत संकलन सीमा**<br>(१) संस्थाले आफ्नो प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्न सक्नेछ । तर, यसै निर्देशनको बुँदा नं. १६.५ को अवस्थामा बाहेक गैर-सदस्यहरुबाट बचत परिचालन गर्न पाइने छैन ।<br>**स्पष्टीकरण :-** "वित्तीय स्रोत" भन्नाले समूह सदस्यहरुबाट **बचत, गैर सदस्यबाट निक्षेप**, सापटी र डिवेञ्चरबाट संकलित रकम सम्झनु पर्दछ । |

| | | | |
|---|---|---|---|
| ५३ | निर्देशन नं. १६ को बुँदा १६.२ उप बुँदा १ मा संशोधन | (१) संस्थाले स्वीकार गर्ने निक्षेपको अवधि, प्रकार आदि सम्पूर्ण नियम तथा कार्यविधिका बारेमा लघुवित्त वित्तीय संस्था आफैंले नियम बनाई लागू गर्नु पर्नेछ। | (१) संस्थाले स्वीकार गर्ने निक्षेपको अवधि, प्रकार आदि सम्पूर्ण नियम तथा कार्यविधिका बारेमा लघुवित्त वित्तीय संस्था आफैंले नियम बनाई लागू गर्नु पर्नेछ।<br>**पेन्सन बचत लगायतका आवधिक निक्षेप तथा ऋणीलाई प्रवाह गर्ने ऋणबाट कट्टा गरी लिने जस्ता अनिवार्य बचत संकलन गर्न पाइने छैन।**<br>**तर, हाल कायम रहेका यस्ता आवधिक बचत निक्षेपलाई भुक्तानी अवधिभर निरन्तरता दिन यस व्यवस्थाले बाधा पुगेको मानिने छैन।** |
| ५४ | निर्देशन नं. १६ को बुँदा १६.३ को उप बुँदा १ मा संशोधन | (१) संस्थाले बुँदा नं. १६.१ मा उल्लिखित सीमाभित्र रही इजाजतपत्रप्राप्त संस्था, व्यक्ति, फर्म, कम्पनी तथा संगठित संस्थासंग सापटी लिन सक्ने छ । | (१) संस्थाले बुँदा नं. १६.१ मा उल्लिखित सीमाभित्र रही इजाजतपत्रप्राप्त **संस्था, फर्म, कम्पनी** तथा संगठित संस्थासंग सापटी लिन सक्ने छ । |
| ५५ | निर्देशन नं. १६ को बुँदा १६.५ मा संशोधन | **१६.५ खुद्रा कर्जाको कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाहरूले सर्वसाधारणबाट निक्षेप परिचालन गर्ने सम्बन्धमा**<br>१) देहायका शर्तहरु पुरा गरेका खुद्रा कर्जाको कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाहरुले यस बैंकको स्वीकृति लिई सर्वसाधारणबाट निक्षेप परिचालन गर्न सक्ने छन् :-<br>(क) बाह्य लेखापरीक्षणबाट विगत ३ वर्षदेखि खुद मुनाफा आर्जन गरेको प्रमाणित भएको,<br>(ख) नेपाल राष्ट्र बैंकले तोकेको न्यूनतम पुँजीकोष पुरा गरेको,<br>(ग) पूर्व सञ्चालन खर्च पूर्णरुपमा अपलेखन भएको,<br>(घ) प्रबन्धपत्र तथा नियमावलीमा सर्वसाधारणबाट निक्षेप परिचालन गर्न सक्ने व्यवस्था भएको,<br>(ङ) वचत, कर्जा लगानी नीति र कोष परिचालन सम्बन्धी नीति तयार गरेको,<br>(च) यस बैंकद्वारा जारी सम्पूर्ण निर्देशनहरुको पालना भएको,<br>(छ) अघिल्लो त्रयमासको विवरण अनुसार निष्कृय कर्जा ५ प्रतिशतभन्दा बढी नभएको,<br>(ज) कुल समूह संख्या कम्तीमा ५०० रहेको वा | **१६.५ खुद्रा कर्जाको कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाहरूले सर्वसाधारणबाट निक्षेप परिचालन गर्न नपाउने सम्बन्धमा**<br>(१) खुद्रा कर्जाको कारोबार गर्ने लघुवित्त वित्तीय संस्थाहरूले सर्वसाधारणबाट निक्षेप परिचालन गर्न सक्ने छैनन्।<br>(२) यसपूर्व यस बैंकबाट स्वीकृति लिई सर्वसाधारणबाट निक्षेप परिचालन गरिरहेका लघुवित्त संस्थाहरुले यस्तो निक्षेप परिचालन गर्ने सीमा तथा अन्य व्यवस्था देहाय बमोजिमको हुनेछ :-<br>(क) आफ्नो प्राथमिक पुँजीको ३० गुणासम्म वित्तीय श्रोत परिचालन गर्ने सीमाभित्र रही प्राथमिक पुँजीको बढीमा ५ गुणासम्म सर्वसाधारणबाट निक्षेपको रुपमा वित्तीय श्रोत परिचालन गर्न सक्ने छन् । सर्वसाधारणबाट संकलित निक्षेपको सीमामा समूह सदस्यहरुको वचत निक्षेप गणना हुने छैन।<br>(ख) सर्वसाधारणबाट निक्षेप संकलन गर्दा वचत तथा बढिमा २ वर्षसम्मको मुद्दती निक्षेप मात्र परिचालन गर्न सक्ने छन्।<br>(ग) कुनै एउटा फर्म, कम्पनी वा संगठित संस्थाबाट आफ्नो कुल निक्षेपको बढीमा **१०** प्रतिशतसम्मको सीमामा नबढ्ने गरी संस्थागत निक्षेप परिचालन गर्न सक्ने छन्। |

| | | | |
|---|---|---|---|
| | | कम्तीमा २,५०० सदस्यसँग कर्जा कारोबार गरिरहेका,<br>(झ) संस्थाले अन्य निकायबाट प्राप्त गरेको सापटी/ऋण शत प्रतिशत आफ्ना ग्राहकहरुमा लगानी गरेको ।<br><br>२. उपर्युक्त शर्तहरु पुरा गरी निक्षेप परिचालन गर्ने लघुवित्त वित्तीय संस्थाहरुले सर्वसाधारणबाट निक्षेप परिचालन गर्ने सीमा तथा अन्य व्यवस्था देहाय बमोजिमको हुनेछ :-<br>(क) आफ्नो प्राथमिक पुँजीको ३० गुणासम्म वित्तीय श्रोत परिचालन गर्ने सीमाभित्र रही प्राथमिक पुँजीको बढीमा ५ गुणासम्म सर्वसाधारणबाट निक्षेपको रुपमा वित्तीय श्रोत परिचालन गर्न सक्ने छन् । सर्वसाधारणबाट संकलित निक्षेपको सीमामा समूह सदस्यहरुको वचत निक्षेप गणना हुने छैन ।<br>(ख) सर्वसाधारणबाट निक्षेप संकलन गर्दा वचत तथा बढिमा २ वर्षसम्मको मुद्दती निक्षेप मात्र परिचालन गर्न सक्ने छन् ।<br>(ग) कुनै एउटा फर्म, कम्पनी वा संगठित संस्थाबाट आफ्नो कुल निक्षेपको बढीमा २० प्रतिशतसम्मको सीमामा नबढ्ने गरी संस्थागत निक्षेप परिचालन गर्न सक्ने छन् । | |
| ५६ | निर्देशन नं. १६ बुँदा १६.८ हटाई क्रमसंख्या मिलान गर्ने । | **निक्षेप सुरक्षण गराउने सम्बन्धमा संस्थाले** आफ्नो संस्थामा प्राकृतिक व्यक्तिका नाममा वचत तथा मुद्दती खातामा रहेको रु. ३ लाखसम्मको निक्षेप “निक्षेप तथा कर्जा सुरक्षण निगम” सँग सुरक्षण गर्ने/गराउने व्यवस्था गर्नु पर्नेछ । आफ्नो संस्थामा रहेको ३ लाख रुपैयाँसम्मको व्यक्तिगत वचत तथा मुद्दती निक्षेपको रकम र त्यस्ता निक्षेपकर्ताको संख्यात्मक विवरण त्रैमासिक रुपमा त्रयमास समाप्त भएको एक महिना भित्र निक्षेप तथा कर्जा सुरक्षण निगमलाई उपलब्ध | **हटाउने ।** |

| | | | |
|---|---|---|---|
| | | गराउनु पर्नेछ । | |
| ५७ | निर्देशन नं. १७ बुँदा १७.१ (घ) मा संशोधन । | (घ) यस व्यवस्था बमोजिम नयाँ संस्थापना भई सञ्चालनमा आएका लघुवित्त वित्तीय संस्थाहरुको हकमा खण्ड (ख) को प्रयोजनका लागि विपन्न वर्गमा प्रवाह भएको कर्जा रकम गणना गर्दा सो संस्था संस्थापना भई वित्तीय कारोबार शुरु गरेको मितिले ६ महिना व्यतित भएपछिको त्रयमासको अन्तमा बाँकी रहेको कुल सापटी रकमभन्दा त्यसपछिको त्रयमासको अन्तमा रहेको कुल विपन्न वर्ग कर्जा रकम कम रहे/नरहेको गणना गरिनेछ । (उदाहरणका लागि कुनै नयाँ सञ्चालनमा आएको लघुवित्त वित्तीय संस्थाले २०७३ भदौ ५ गतेदेखि वित्तीय कारोबार शुरु गरेको भएमा २०७३ फागुन ४ मा ६ महिना व्यतीत हुने हुँदा २०७३ चैत मसान्तको कुल सापटी रकम बराबर २०७४ असार मसान्तमा विपन्न वर्गमा कर्जा प्रवाह भए/नभएको गणना गरिनेछ ।) | (घ) यस व्यवस्था बमोजिम नयाँ संस्थापना भई सञ्चालनमा आएका लघुवित्त वित्तीय संस्थाहरुको हकमा खण्ड (ख) को प्रयोजनका लागि विपन्न वर्गमा प्रवाह भएको कर्जा रकम गणना गर्दा सो संस्था संस्थापना भई वित्तीय कारोबार शुरु गरेको मितिले ६ महिना व्यतित भएपछिको त्रयमासको अन्तमा बाँकी रहेको कुल सापटी रकमभन्दा त्यसपछिको त्रयमासको अन्तमा रहेको कुल विपन्न वर्ग कर्जा रकम कम रहे/नरहेको गणना गरिनेछ । **(उदाहरणको लागि सञ्चालनमा आएको नयाँ लघु वित्त वित्तीय संस्थाले भदौ महिनादेखि वित्तीय कारोबार शुरु गरेको भएमा फागुन महिनामा ६ महिना व्यतीत हुने हुँदा चैत मसान्तको त्रैमासिक विवरणमा देखिने कुल सापटी रकम बराबर वा सो भन्दा बढी पछिल्लो त्रयमास अर्थात् असार मसान्तमा विपन्न वर्गमा कर्जा प्रवाह भए/नभएको गणना गरिनेछ ।)** |
| ५८ | निर्देशन नं. २१ थप गरी क्रमसंख्या मिलान गर्ने । | हाल नभएको । | **२१. वित्तीय ग्राहक संरक्षण सम्बन्धी व्यवस्था**<br>इजाजतपत्रप्राप्त संस्थाहरुले आफ्ना ग्राहकलाई प्रदान गर्ने सेवा शर्तसंग सम्बन्धित सबै प्रकारका विवरण सार्वजनिक रुपमा जानकारी गराउनुपर्नेछ । यस्ता विवरणमा वित्तीय सेवा तथा उपकरणहरुका अतिरिक्त सोसँग सम्बन्धित शुल्क, कमिशन, व्याजदर, जरिवाना, हर्जाना लगायतका सम्बन्धमा अपनाउनु पर्ने प्रक्रिया एवं शर्तहरु समावेश गरेको हुनु पर्नेछ । |
| ५९ | निर्देशन नं. २१ को बुँदा नं. २१.२ मा संशोधन । | Long Form Audit Report लाई समय सापेक्ष र प्रभावकारी बनाउन यसैसाथ संलग्न ढाँचा (अनुसूची २२.१) अनुसार लागूगरिएको छ । उक्त Long Form Audit Report लाई यस बैंकको web-site: www.nrb.org.np को बैंक तथा वित्तीय संस्था नियमन विभाग अन्तर्गत राखिएको हुनाले सोही web-site बाट सूचना प्राप्त गरी आफ्नो संस्थाको बाह्य लेखापरीक्षकबाट सो Long Form Audit Report कै ढाँचामा तयार गरिएको अन्तिम लेखापरीक्षण प्रतिवेदनलाई सोझै यस बैंकमा आइपुग्ने गरी पठाउने व्यवस्था गर्नु पर्नेछ । | संस्थाले अन्तिम लेखापरीक्षणको क्रममा यस बैंकले तोकेको ढाँचा बमोजिमको Long Form Audit Report बाह्य लेखापरीक्षकबाट तयार गर्न लगाई उक्त प्रतिवेदन सोझै यस बैंकमा आइपुग्ने गरी पठाउने व्यवस्था गर्नु पर्नेछ । Long Form Audit Report लाई समय सापेक्ष र प्रभावकारी बनाउन यसैसाथ संलग्न ढाँचा (अनुसूची २२.१) अनुसार लागू गरिएको छ । उक्त Long Form Audit Report को ढाँचा यस बैंकको वेबसाइट www.nrb.org.np को बैंक तथा वित्तीय संस्था नियमन विभाग अन्तर्गत राखिएको छ । |

<table>
<tr>
<td>६०</td>
<td>निर्देशन नं. २२ को बुँदा नं. २२.५ (१) को तेस्रो अनुच्छेदमा संशोधन</td>
<td>लघु वित्त वित्तीय संस्थाले कर्जासँग सम्बन्धित ऋण प्रस्ताव पत्र (Offer Letter), कर्जा तमसुक (Loan Deed), धितोबन्धक लिखत (Mortgage Deed), Hypothecation Agreement र Trust Receipt Agreement अनिवार्य रुपमा देवनागरी लिपी नेपाली भाषामा तयार गर्नु पर्ने र Consortium Loan Agreement, Letter of Assignment, Letter of Guarantee को हकमा हाललाई अंग्रेजी भाषामा समेत तयार गर्न सकिने छ। साथै, यी कागजातहरुलाई पनि क्रमिक रुपमा नेपाली भाषामा तयार गर्दै जाने नीतिगत व्यवस्था गर्नु पर्नेछ।</td>
<td>लघु वित्त वित्तीय संस्थाले कर्जासँग सम्बन्धित ऋण प्रस्ताव पत्र (Offer Letter), कर्जा तमसुक (Loan Deed), धितोबन्धक लिखत (Mortgage Deed) नेपाली भाषामा तयार गर्नु पर्नेछ।</td>
</tr>
<tr>
<td>६१</td>
<td></td>
<td></td>
<td>साविकको निर्देशनमा निर्देशन नं. २१ वित्तीय ग्राहक सम्बन्धी व्यवस्था नयाँ थप गर्नु पर्ने भएकोले त्यसपछिका निर्देशनलाई सोही बमोजिम निर्देशन नं. कायम गरिएको र अनुसूचीमा रहेका तालिकाहरुमा पनि निर्देशनमा संशोधन भए अनुसार संशोधन गरिएको।</td>
</tr>
<tr>
<td>६२</td>
<td>निर्देशन फा. नं. घ २.२ को तालिकामा ऋणीको नागरिकता नं., प्रदेश, जिल्ला, स्थानीय तह र वडा नं. थप गरिएको।</td>
<td>निर्देशन फा.नं.घ२.२ को तालिकामा<br><br>ग्राहकपिच्छे वर्गीकरण गरिएको कर्जाहरु तथा सोको नोक्सानी व्यवस्था सम्बन्धी विवरण<br>...............साल ..................मसान्त
<table>
<tr><td>शाखा</td><td>समूहको नाम</td><td>ऋणी को नाम</td><td>लगानी/ कारोबार मिति</td><td>कर्जा प्रकार</td><td>स्वीकृत सीमा (रु)</td><td>बाँकी साँवा (रु)</td><td>बाँकी ब्याज (रु)</td><td>भाखा नाघेको साँवा (रु)</td><td>भुक्तानी मिति</td><td colspan="2">कर्जा व्यवस्था</td><td>कैफियत</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>वर्गीकरण</td><td>व्यवस्था (रु)</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">कुल जम्मा :-</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
मिति<br>दस्तखत<br>अधिकृतको नाम</td>
<td>निर्देशन फा. नं. घ २.२ को तालिकामा ऋणीको नागरिकता नं., प्रदेश, जिल्ला, स्थानीय तह र वडा नं. थप गरिएको।<br><br>ग्राहकपिच्छे वर्गीकरण गरिएको कर्जाहरु तथा सोको नोक्सानी व्यवस्था सम्बन्धी विवरण<br>...............साल ..................मसान्त
<table>
<tr><td>शाखा</td><td>समूहको नाम</td><td>ऋणी को नाम र नागरिता नं.</td><td>प्रदेश जिल्ला वडा नं.</td><td>लगानी/ कारोबार मिति</td><td>कर्जा प्रकार</td><td>स्वीकृत सीमा (रु)</td><td>बाँकी साँवा (रु)</td><td>बाँकी ब्याज (रु)</td><td>भाखा नाघेको साँवा (रु)</td><td>भुक्तानी मिति</td><td colspan="2">कर्जा व्यवस्था</td><td>कैफियत</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>वर्गीकरण</td><td>व्यवस्था (रु)</td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">कुल जम्मा :-</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
मिति<br>नाम दस्तखत<br>अधिकृतको</td>
</tr>
<tr>
<td>६३</td>
<td>अनुसूची ४.१ अन्तर्गतको इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणको</td>
<td>अनुसूची ४.१ अन्तर्गतको इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणको तालिका</td>
<td>अनुसूची ४.१ अन्तर्गतको इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणको तालिकामा ग्राहक संरक्षण कोष र संस्थागत सामाजिक उत्तरदायित्व कोषको आम्दानी खर्च देखाउन छुट्टै कोलमको व्यवस्था गरिएको।</td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td>तालिकामा ग्राहक संरक्षण कोष र संस्थागत सामाजिक उत्तरदायित्व कोषको आम्दानी खर्च देखाउन छुट्टै कोलमको व्यवस्था गरिएको ।</td>
<td>
.................. लिमिटेड<br>इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण<br>आ.व. २०..../...... (रु.)
<table>
<tr><th>विवरण</th><th>शेयर पुंजी</th><th>सञ्चित ना.नो.</th><th>साधारण जगेडा कोष</th><th>पुंजीगत जगेडा कोष</th><th>शेयर प्रिमियम</th><th>सटही घटबढ कोष</th><th>स्थगन कर जगेडा</th><th>अन्य जगेडा तथा कोष</th><th>कुल रकम</th></tr>
<tr><td>शुरु मौज्दात</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>स्थगन कर</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>समायोजित शुरु मौज्दात</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>समायोजन</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>....................</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>....................</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>....................</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>....................</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>अन्तिम मौज्दात</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td>
<td>
.................... लिमिटेड<br>इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण<br>आ.व. २०..../...... (रु.)
<table>
<tr><th>विवरण</th><th>शेयर पुँजी</th><th>सञ्चित ना.नो.</th><th>साधारण जगेडा कोष</th><th>पुँजीगत जगेडा कोष</th><th>शेयर प्रिमियम</th><th>सटही घटबढ कोष</th><th>स्थगन कर जगेडा</th><th>अन्य जगेडा तथा कोष</th><th>कुल रकम</th></tr>
<tr><td>शुरु मौज्दात</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>स्थगन कर</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>ग्राहक संरक्षण कोष</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>सामाजिक उत्तरदायित्व कोषको आम्दानी खर्च</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>समायोजित शुरु मौज्दात</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>समायोजन</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>....................</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>....................</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>....................</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>....................</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>अन्तिम मौज्दात</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td>
</tr>
<tr>
<td>६४</td>
<td>अनुसूची ४.२ अन्तर्गतको जगेडा तथा कोषहरु सम्बन्धी तालिकामा संस्थागत सामाजिक उत्तरदायित्व कोषलाई छुट्टै कोषको रुपमा देखाउने व्यवस्था गरिएको ।</td>
<td>
अनुसूची ४.२ अन्तर्गतको जगेडा तथा कोषहरु सम्बन्धी तालिका
<table>
<tr><th>विवरण</th><th>यस वर्ष रु.</th><th>गत वर्ष रु.</th></tr>
<tr><td>१. साधारण/वैधानिक जगेडा कोष</td><td></td><td></td></tr>
<tr><td>२. पुंजीगत जगेडा कोष</td><td></td><td></td></tr>
<tr><td>३. पुंजी फिर्ता जगेडा कोष (Capital Redemption Reserve)</td><td></td><td></td></tr>
<tr><td>४. पुंजी समायोजन कोष</td><td></td><td></td></tr>
<tr><td>५. अन्य जगेडा तथा कोष</td><td></td><td></td></tr>
<tr><td>५.१. भैपरी आउने जगेडा</td><td></td><td></td></tr>
<tr><td>५.२. संस्था विकास कोष</td><td></td><td></td></tr>
<tr><td>५.३. लाभांश समिकरण कोष</td><td></td><td></td></tr>
<tr><td>५.४. विशेष जगेडा कोष</td><td></td><td></td></tr>
<tr><td>५.५. सम्पत्ति पुनर्मूल्याङ्कन कोष</td><td></td><td></td></tr>
<tr><td>५.६. ग्राहक संरक्षण कोष</td><td></td><td></td></tr>
<tr><td>५.७ अन्य स्वतन्त्र कोष</td><td></td><td></td></tr>
<tr><td>५.८ अन्य जगेडा कोष</td><td></td><td></td></tr>
<tr><td>६. सञ्चित नाफा/नोक्सान</td><td></td><td></td></tr>
<tr><td>७. सटही घटबढ कोष</td><td></td><td></td></tr>
<tr><td>८. जम्मा</td><td></td><td></td></tr>
</table>
</td>
<td>
अनुसूची ४.२ अन्तर्गतको जगेडा तथा कोषहरु सम्बन्धी तालिकामा संस्थागत सामाजिक उत्तरदायित्व कोषलाई छुट्टै कोषको रुपमा देखाउने व्यवस्था गरिएको ।
<table>
<tr><th>विवरण</th><th>यस वर्ष रू.</th><th>गत वर्ष रू.</th></tr>
<tr><td>१. साधारण/वैधानिक जगेडा कोष</td><td></td><td></td></tr>
<tr><td>२. पुँजीगत जगेडा कोष</td><td></td><td></td></tr>
<tr><td>३. पुँजी फिर्ता जगेडा कोष (Capital Redemption Reserve)</td><td></td><td></td></tr>
<tr><td>४. पुँजी समायोजन कोष</td><td></td><td></td></tr>
<tr><td>५. अन्य जगेडा तथा कोष</td><td></td><td></td></tr>
<tr><td>५.१. भैपरी आउने जगेडा<br>५.२. संस्था विकास कोष<br>५.३. लाभांश समिकरण कोष<br>५.४. विशेष जगेडा कोष<br>५.५. सम्पत्ति पुनर्मूल्याङ्कन कोष<br>५.६. ग्राहक संरक्षण कोष<br>५.७. संस्थागत सामाजिक उत्तरदायित्व कोष<br>५.८ अन्य स्वतन्त्र कोष<br>५.९ अन्य जगेडा कोष</td><td></td><td></td></tr>
<tr><td>६. सञ्चित नाफा/नोक्सान</td><td></td><td></td></tr>
<tr><td>७. सटही घटबढ कोष</td><td></td><td></td></tr>
<tr><td>८. जम्मा</td><td></td><td></td></tr>
</table>
</td>
</tr>
<tr>
<td>६५</td>
<td>अनुसूची ४.२२ अन्तर्गतको तालिकामा</td>
<td>अनुसूची ४.२२ अन्तर्गतको तालिकामा असुली हुन नसक्ने कर्जाको अपलेखन (४.२२ क) कायम गरिएको ।</td>
<td></td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td>असुली हुन नसक्ने कर्जाको अपलेखन ( ४.२२ क) कायम गरिएको ।</td>
<td>
......................लिमिटेड<br>अपलेखित कर्जाको विवरण<br>(आर्थिक वर्ष ......../.........)
<table>
<tr><th>क्र. स.</th><th>कर्जा प्रकार</th><th>अपलेखन गरिएको रकम</th><th>धितो/ जमानीको प्रकार तथा रकम</th><th>धितो मुल्याङ्कनको आधार</th><th>कर्जा स्वीकृत गर्ने अधिकारी/तह</th><th>कर्जा असुलीका लागि भए गरेका प्रयास</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३.</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४.</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>५.</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>कुल कर्जा</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
नोट : आर्थिक वर्षभरिमा अपलेखन गरिएको कर्जाको विवरण माथि उल्लेख गर्नु पर्नेछ ।
</td>
<td>
......................लिमिटेड<br>असुली हुन नसक्ने कर्जाको अपलेखन<br>(आर्थिक वर्ष ......../.........)
<table>
<tr><th>क्र. स.</th><th>कर्जा प्रकार</th><th>अपलेखन गरिएको रकम</th><th>धितो/ जमानीको प्रकार तथा रकम</th><th>धितो मुल्याङ्कनको आधार</th><th>कर्जा स्वीकृत गर्ने अधिकारी/तह</th><th>कर्जा असुलीका लागि भए गरेका प्रयास</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३.</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४.</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>५.</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>कुल कर्जा</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
नोट : आर्थिक वर्षभरिमा अपलेखन गरिएको कर्जाको विवरण माथि उल्लेख गर्नु पर्नेछ ।
</td>
</tr>
<tr>
<td>६६</td>
<td>अनुसूची घ २२.१ अन्तर्गतको Long Form Audit Report को बुंदा नं. ४ को उप बुंदा ४.२ मा Bank and Financial Institution Act 2073</td>
<td>अनुसूची घ २२.१ अन्तर्गतको Long Form Audit Report को बुंदा नं. ४ को उप बुंदा ४.२ मा Bank and Financial Institution Act 2063</td>
<td>अनुसूची घ २२.१ अन्तर्गतको Long Form Audit Report को बुंदा नं. ४ को उप बुंदा ४.२ मा Bank and Financial Institution Act 2073</td>
</tr>
</table>